अर्थः– तात्कालिक सूर्य स्पष्टमा अयनांश जोड्नु भुक्तांश हुन्छ, ३० मा घटाउनु भोग्यांश हुन्छ र भोग्यांशलाई आफ्नो उदय मानले गुणन गर्नु आएको गुणन फललाई ३० ले भाग दिनु र लब्धि रवि भोग्य काल हुन्छ, त्यसलाई इष्ट घडीको पलामा घटाउनु र घटेसम्म अगाडिको राशिको मान घटाउनु जसमा घट्दैन नघटेको मान अशुद्ध हुन्छ र शेषलाई ३० ले गुणन गरेर नघटेका अशुद्ध राशिको मानले भाग गर्नु आएको लब्धि अंशादि हुन्छ। सो अंशादिमा अशुद्ध भएको राशिदेखि अगाडिका राशिहरू जोड्नु र आएको योगफलमा अयनांशलाई घटाई दिनु प्रथम लग्न स्पष्ट सिद्ध हुन आउँदछ।

जस्तै— सूर्यको तात्कालिक राश्यादि ५।११।२७।२७ यसमा अयनांश २४।१।० जोड्दा ६।५।२८।२७ भुक्तांश भयो। यसलाई ३० मा घटाउँदा २४।३१।३३ भोग्यांश भयो। यो अंशादिलाई तुलाको मान ३४० ले गुणन गर्दा गुणन फल ८३६३।१८।३० भयो। यसलाई ३० ले भाग ल्याउँदा २७८।४६।३६ यो रवि भोग्य काल भयो। इष्ट घडीको पला ४३३ मा २७८।४६।३६ घटाउँदा १५४।१३।२४ शेष रह्यो। यसमा अगाडिका राशि वृश्चिकको मान ३४६ नघट्दा अशुद्धराशि वृश्चिक भयो। आएको शेषलाई

३० ले गुणन गर्दा ४६२६।४१।३० गुणन फल भयो । यसलाई अशुद्ध राशिको मान ३४६ ले भाग दिंदा भागफल १३।१५।२४ भयो । यसमा अशुद्ध राशि वृश्चिकदेखि पूर्व राशि तुला ७ जोड्दा योगफल ७।१३।१५।२४ भयो । यसमा अयनांश २४।१ घटाउँदा शेष— ६।१९।१४।२४ यो स्पष्ट लग्न भयो । रात्रीको इष्ट घडी भए ६ राशि जोडी माथि लेखिएबमोजिम गर्नु पर्दछ ।

यत्सूर्यराश्यंशसमानकोष्टे घटचादिकं स्वेष्टघटीयुतं तत् ।
तत्तुल्यघटचादि भवेद्धि यत्र तत्तीर्यगूर्ध्वाङ्कमितं हि लग्नम् ॥२१॥

अर्थ— पात्रोमा सूर्यको राशि अंशा भएको लग्न सारिणी को समान कोठामा लेखेको अङ्कमा इष्ट घडी पला जोड्नु आएको योगफल ६० देखि बढी भए ६० मा घटाउनु । बढी नभए घटाउनु पर्दैन, अनि त्यो समान् अङ्क सारिणीमा हेर्नु त्यो प्रथम लग्न हुन्छ ।

जस्तै— सूर्यको राशि ५ अंशा ११ छ । लग्न सारिणीको कोठामा हेर्दा ३०।५६ छ । यसमा इष्ट घडी ७ पला १३ जोड्दा ३८।९ भयो । अब सारिणीको कोठामा त्यो समान अङ्क हेर्दा ६ राशि १९ अंशा ३८ घडी ९ पला तुला लग्न सिद्ध भयो ।

तदुक्तं–विलग्नलग्नांशसमानकोष्टेह्यधःफलं तद्दशमं निरुक्तम् ।

अर्थ– लग्न र अंशाको बराबर भएको कोठोको मुनिबाटको जुन अङ्क छ, त्यो दशम लग्न सिद्ध हुन्छ ।

दशमलग्न ल्याउँदा यसमा न नतको काम, न उन्नतको काम छ । उदाहरण जस्तै:– सूर्य ५ कन्याराशिको ९ अंशको दिनइष्टघटचादि ४१।११ लग्नसारिणीमा सूर्यराश्यंश समान कोष्टको घटचादि ३०।२६ मा युक्त गर्नाले ११।३७ भयो । यसदेखि लग्नसारिणीमा १ वृषलग्नको २९ अंश प्रथमलग्न मालुम भयो । यही ११।३७ अङ्कदेखि दशम लग्न सारिणीमा दशमलग्न १० कुम्भ राशिको १४ अंश सिद्ध भयो ।

प्रथम लग्नको घडी पला ३८।९ दशम लग्न सारिणीमा हेर्दा सो समान ३।२३।३८।७ भयो यो दशम लग्न ३ कर्कट राशिको २३ अंश सिद्ध भयो । एवं रीतले जान्नु ।

अथ नेपाल देशीय प्रथम लग्न सारिणी

चरखण्डानि ६३।५०।२१। अक्षप्रभा ६।१८ अक्षांशाः २७।३१।५४

अंशा	०	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	साय नं
मेष	२	३	३	३	३	३	३	३	३	४	४	४	४	४	४	४	५	५	५	५	५	५	५	५	६	६	६	६	६	६	४।२
०	५२	०	८	१६	२४	३२	४०	४८	५७	५	१३	२१	२९	३७	४५	५३	१	९	१७	२५	३३	४१	४९	५८	६	१४	२२	३०	३८	४६	
वृष	६	७	७	७	७	७	७	८	८	८	८	८	८	९	९	९	९	९	९	९	१०	१०	१०	१०	१०	१०	११	११	११	११	४।५१
१	५४	४	१३	२३	३३	४३	५२	२	१२	२१	३१	४१	५०	०	१०	२०	२९	३९	४९	५८	८	१८	२७	३७	४७	५७	६	१६	२६	३५	
मिथुन	११	११	१२	१२	१२	१२	१२	१३	१३	१३	१३	१३	१३	१४	१४	१४	१४	१४	१५	१५	१५	१५	१५	१६	१६	१६	१६	१६	१६	१७	५।३५
२	४५	५६	७	१८	३०	४१	५२	३	१४	२५	३७	४८	५९	१०	२१	३३	४४	५५	६	१७	२८	४०	५१	२	१३	२४	३५	४७	५८	९	
कर्कट:	१७	१७	१७	१७	१८	१८	१८	१८	१८	१९	१९	१९	१९	१९	२०	२०	२०	२०	२०	२१	२१	२१	२१	२१	२१	२२	२२	२२	२२	२२	५।४८
३	२०	३२	४३	५५	६	१८	३०	४१	५३	४	१६	२८	३९	५१	२	१४	२६	३७	४९	०	१२	२४	३५	४७	५८	१०	२२	३३	४५	५६	
सिंह	२३	२३	२३	२३	२३	२४	२४	२४	२४	२४	२५	२५	२५	२५	२५	२६	२६	२६	२६	२६	२६	२७	२७	२७	२७	२७	२८	२८	२८	२८	५।४३
४	८	१९	३१	४२	५४	५	१७	२८	३९	५१	२	२४	२५	३७	४८	०	११	२२	३४	४५	५७	८	२०	३१	४२	५४	५	१७	२८	४०	
कन्या	२८	२९	२९	२९	२९	२९	२९	३०	३०	३०	३०	३०	३१	३१	३१	३१	३१	३२	३२	३२	३२	३२	३३	३३	३३	३३	३३	३३	३४	३४	५।४१
५	५१	२	१४	२५	३६	४८	५९	१०	२२	३३	४५	५६	७	१९	३०	४२	५३	४	१६	२७	३८	५०	१	१२	२४	३५	४७	५८	९	२०	
तुला	३४	३४	३४	३५	३५	३५	३५	३५	३६	३६	३६	३६	३६	३७	३७	३७	३७	३७	३८	३८	३८	३८	३८	३८	३९	३९	३९	३९	३९	४०	५।४७
६	३२	४४	५५	७	१८	३०	४१	५३	५	१६	२८	३९	५१	२	१४	२५	३७	४९	०	१२	२३	३५	४६	५८	१०	२१	३३	४४	५६	७	
वृश्चिक	४०	४०	४०	४०	४१	४१	४१	४१	४१	४२	४२	४२	४२	४३	४३	४३	४३	४३	४३	४३	४४	४४	४४	४४	४४	४५	४५	४५	४५	४५	५।४५
७	१९	४०	४२	५३	५	१६	२८	२९	५१	२	१४	२५	३७	४८	०	११	२३	३४	४६	५७	९	२०	३२	४३	५५	६	१८	२९	४१	५२	
धनु	४६	४६	४६	४६	४६	४६	४७	४७	४७	४७	४७	४७	४८	४८	४८	४८	४८	४९	४९	४९	४९	४९	३९	५०	५०	५०	५०	५०	५०	५१	५।११
८	४	१४	२५	३५	४५	५६	६	१७	२७	३७	४८	५८	८	१९	२९	३९	५०	०	११	२१	३१	४२	५२	२	१३	२३	३४	४४	५४	४	
मकर	५१	५१	५१	५१	५१	५१	५२	५२	५२	५२	५२	५२	५२	५३	५३	५३	५३	५३	५३	५४	५४	५४	५४	५४	५४	५५	५५	५५	५५	५५	४।२०
९	५	२४	३२	४१	५०	५८	७	१६	२४	३३	४२	५०	५९	८	१६	२५	३४	४२	५१	०	८	१७	२६	३४	४३	५२	०	९	१९	२६	
कुंभ	५५	५५	५५	५५	५६	५६	५६	५६	५६	५६	५६	५६	५७	५७	५७	५७	५७	५७	५७	५७	५८	५८	५८	५८	५८	५८	५८	५८	५९	५९	३।४२
१०	३५	४२	५०	५७	५	१२	१९	२७	३४	४२	४९	५६	४	११	१९	२६	३३	४१	४८	५६	३	१०	१८	२५	३३	४०	४७	५४	२	१०	
मीन	५९	५९	५९	५९	५९	५९	०	०	०	०	०	०	०	०	०	१	१	१	१	१	१	१	१	२	२	२	२	२	२	२	३।३५
११	१७	२४	३१	३८	४६	५३	०	७	१४	२२	२९	३६	४३	५०	५७	४	१२	१९	२६	३३	४०	४७	५५	२	९	१६	२३	३०	३८	४५	
अंशाः	०	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	लग्नमा.

॥ अथ दशमलग्नसारिणी अतिसुगम ॥

अंशा	०	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९
मकर	४	४	४	४	४	५	५	५	५	५	५	६	६	६	६	६	६	७	७	७	७	७	७	८	८	८	८	८	८	९
९	१२	२२	३३	४४	५५	६	१६	२७	३७	४७	५७	७	१७	२७	३७	४७	५७	७	१७	२७	३७	४७	५७	७	१६	२६	३६	४६	५६	६
कुंभ	९	९	९	९	९	१०	१०	१०	१०	१०	१०	११	११	११	११	११	११	११	१२	१२	१२	१२	१२	१२	१३	१३	१३	१३	१३	१३
१०	१६	२६	३६	४९	५६	६	१६	२६	३५	४५	५४	३	१२	२२	३०	४०	४९	५९	८	१७	२७	३६	४५	५४	४	१३	२२	३१	४१	५०
मीन	१३	१४	१४	१४	१४	१४	१४	१५	१५	१५	१५	१५	१५	१६	१६	१६	१६	१६	१६	१६	१७	१७	१७	१७	१७	१७	१८	१८	१८	१८
११	५९	९	१८	२७	३६	४६	५५	४	१३	२३	३२	४१	५०	०	९	१८	२८	३७	४६	५५	५	१४	२३	३३	४२	५१	०	९	१९	२८
मेष:	१८	१८	१८	१९	१९	१९	१९	१९	१९	२०	२०	२०	२०	२०	२०	२१	२१	२१	२१	२१	२१	२२	२२	२२	२२	२२	२२	२३	२३	२३
०	३७	४७	५६	५	१४	२४	३३	४२	५२	२	१२	२२	३२	४२	५२	२	१२	२२	३२	४२	५२	२	१२	२२	३२	४२	५२	१	११	२१
वृष:	२३	२३	२३	२४	२४	२४	२४	२४	२४	२५	२५	२५	२५	२५	२५	२६	२६	२६	२६	२६	२७	२७	२७	२७	२७	२७	२८	२८	२८	२८
१	३१	४१	५१	१	११	२१	३१	४१	५२	३	१३	२४	३५	४६	५७	७	१८	२९	४०	५०	१	१२	२३	३३	४५	५५	६	१६	२७	३८
मिथुन	२८	२९	२९	२९	२९	२९	२९	३०	३०	३०	३०	३०	३०	३१	३१	३१	३१	३१	३२	३२	३२	३२	३२	३२	३३	३३	३३	३३	३३	३४
२	४९	०	१०	२१	३२	४३	५३	४	१५	२६	३६	४७	५७	९	२०	३०	४१	५२	३	१३	२४	३५	४६	५६	७	१८	२९	३९	५०	१
कर्कट:	३४	३४	३४	३४	३४	३५	३५	३५	३५	३५	३५	३६	३६	३६	३६	३६	३६	३७	३७	३७	३७	३७	३७	३८	३८	३८	३८	३८	३८	३९
३	१२	२३	३३	४४	५५	६	१६	२७	३७	४७	५७	७	१७	२७	३७	४७	५७	७	१७	२७	३७	४७	५७	७	१७	२७	३७	४६	५६	६
सिंह:	३९	३९	३९	३९	३९	४०	४०	४०	४०	४०	४०	४१	४१	४१	४१	४१	४१	४१	४२	४२	४२	४२	४२	४२	४३	४३	४३	४३	४३	४३
४	१६	२६	३६	४६	५६	६	१६	२६	३५	४५	५४	३	१२	२२	३१	४०	५०	५९	८	१७	२७	३६	४५	५४	४	१३	२२	३१	४१	५०
कन्या	४३	४४	४४	४४	४४	४४	४४	४५	४५	४५	४५	४५	४५	४६	४६	४६	४६	४६	४६	४६	४७	४७	४७	४७	४७	४७	४८	४८	४८	४८
५	५९	९	१८	२७	३६	४६	५५	४	१३	२३	३२	४१	५०	०	९	१८	२८	३७	४६	५५	५	१४	२४	३३	४२	५२	१	१०	१९	२९
तुला	४८	४८	४८	४९	४९	४९	४९	४९	४९	५०	५०	५०	५०	५०	५०	५१	५१	५१	५१	५१	५१	५२	५२	५२	५२	५२	५२	५३	५३	५३
६	३०	४७	५७	६	१५	२४	३४	४३	५३	३	१३	२३	३३	४३	५३	३	१३	२३	३२	४२	५२	२	१२	२२	३२	४२	५२	२	१२	२२
वृश्चिक	५३	५३	५३	५४	५४	५४	५४	५४	५४	५५	५५	५५	५५	५५	५५	५६	५६	५६	५६	५६	५७	५७	५७	५७	५७	५७	५८	५८	५८	५८
७	३२	४२	५७	१	१२	२१	३१	४१	५२	२	१३	२४	३५	४६	५६	७	१८	२९	३९	५१	१	१२	२३	३३	४४	५५	६	१६	२७	३८
धनु	५८	५८	५९	५९	५९	५९	५९	०	०	०	०	०	०	१	१	१	१	१	२	२	२	२	२	२	३	३	३	३	३	४
८	४९	५९	१०	२१	३२	४२	५३	४	१५	२६	३६	४७	५८	९	१९	३१	४१	५२	२	१३	२४	३५	४६	५६	७	१८	२९	३९	५०	१

लंकोदयमान

लंकोदया विघटिका गजभानि २७८ गोऽङ्को, ।
दस्रा २९९ स्त्रिपक्षदहनाः ३२३ क्रमगोत्क्रमस्थाः ॥
हीनान्विताश्चरदलैः क्रमगोत्क्रमस्थै–
र्मेषादितो घटत उत्क्रमतस्त्विमेस्युः ॥२२॥

मेष	वृष	मिथुन	कर्कट	सिंह	कन्या
२७८	२९९	३२३	३२३	२९९	२७८
मीन	कुम्भ	मकर	धन	वृश्चिक	तुला

दशम लग्न स्पष्ट ल्याउने रीति

रात्रिः शेषमितं युतं दिनदले नाह्नोर्गतं शेषकं–
विश्लेष्यं खलु पूर्वपश्चिमनतंत्रिंशच्युतं चोन्नतम् ॥
यत्पूर्वोन्नतषड्भयुक्तरवितः पश्चान्नतादित्यतो–
यल्लंकोदयकैश्च लग्नमिव तन्मध्यं सषड्भं सुखम् ॥२३॥

अर्थ– इष्ट घटी दिनको भै दिनार्ध भन्दा कम भए गत हुन्छ। दिनार्धमा घटाउनु पूर्वनत हुन्छ। दिनार्ध भन्दा बढी भए शेष हुन्छ। दिनार्धमा घटाउदा पश्चिम नत हुन्छ।

रात्रिको इष्ट घडी भै आधारातदेखि परको भए शेष हुन्छ, त्यसलाई दिनार्धमा जोड्नु योगफल पूर्वनत हुन्छ। इष्ट आधारातदेखि कमको भए गत हुन्छ दिनार्धमा जोड्नू पश्चिम नतहुन्छ। ३० मा घटाउँदा उन्नत दशम लग्न ल्याउने इष्ट काल हुन्छ।

पूर्व नत भए ६ राशि जोडीएको तात्कालिक सूर्यबाट र पश्चिम नत भए स्पष्ट सूर्यबाट राशिमान लङ्काका उदयमानबाट प्रथम लग्न ल्याउँदा गरे अनुसार सबै काम गर्नु पर्दछ दशम लग्न सिद्ध हुन आउँदछ।

जस्तै—दशम स्पष्ट लग्न ल्याउँदा दिनमान २९।३९ लाई २ ले भाग गर्दा १४।४९ यो दिनार्द्ध भयो। यसमा इष्ट घडी पला ७।१३ घटाउँदा

७।३६ यो पूर्वनतभयो यसलाई ३० मा घटाउँदा २२।२४ पूर्वोन्नत दशम लग्न ल्याउने इष्ट घडी भयो। यहां पूर्वोन्नत भएको हुँदा ६ राशि जोड्नु पर्दा तात्कालिक स्पष्ट सूर्य ५।११ २७।२७ मा ६ जोड्दा ११।११।२७।२७ भयो। यसमा अयनांश २४।१ जोड्दा ०।५।२८।२७ यो मेषको भुक्तांश भयो। यसलाई ३० मा घटाउँदा शेष २४।३१।३३ यो भोग्यांश भयो। यसलाई मेषको लङ्को दयमान २७८ ले गुणन गर्दा गुणन फल ६७७४।५०।५४ भयो। यसलाई ३० ले भाग गर्दा आएको लब्धि २२५।४६।४१ यो रविभोग्य काल भयो। यसलाई पूर्वोन्नत इष्ट घडी पला १३४४। बाट घटाई शेषमा घटेका अरू वृष मिथुन कर्कटका समेतको लङ्कोदयमान घटाउँदा शेष १७३।१०।१९ भयो। सिंहको मान नघटेको हुँदा अशुद्ध राशि सिंह हुन आयो अब शेष १७३।१०।१९ लाई नं ३० ले गुणनगर्दा गुणन फल ५१९५।९।३० भयो। यसलाई अशुद्ध राशि सिंहको मान २९९ ले भाग गर्दा १७।२२।२८ लब्धी आयो यसमा अशुद्ध पूर्व राशि ४ जोड्दा ४।१७।२२।२८ योगफल भयो। यसमा अयनांश २४।१ घटाउँदा आएको शेष ३।२३।२१।२८ यो दशम लग्न स्पष्ट सिद्ध भयो।

द्वादश भाव र संधि ल्याउने रीति

लग्नेप्रयोज्यं रस ६ भं विलग्नम्
जामित्रसंज्ञं कथितं मुनीन्द्रैः।
मध्ये १० विलग्ने रस ६ भं प्रयोज्यम्
पाताल ४ लग्नं मुनयो बदन्ति ॥२४॥

लग्नं १ चतुर्थात् ४ परिशोध्य शेषः–
षडंश ६ कोङ्के मुहुरेव योज्यः ॥
संधिर्धनं २ संधिरथ तृतीय -
स्तत्संधिरत्र द्वि २ तृतीय ३ भावौ ॥२५॥

वेद ४ द्वि २ युक्तौरिपु ६ पुत्र ५ भावौ
सन्धित्रयं १।२।३ बाण ५ गुणै ३ क १ युक्तम् ॥

रिपोश्च ६ सूनोः ५ सुहृद ४ श्चसंधिः
सर्वे सषड्भा ६ श्च ससंधिभावाः ॥२६॥

अर्थ– अब द्वादश भाव ल्याउनुपर्ने हुनाले प्रथम लग्नमा ६ राशि जोड्दा सातौं भाव हुन्छ। यस्तै दशम भावमा ६ जोड्दा चौथो भाव हुन्छ। चौथो भावबाट प्रथम लग्नलई घटाउनु आएको शेषलाई ६ को भाग दिन् आएको लब्धि लग्नमा बराबर जोड्दा प्रथम भाव सन्धि द्वितीय भाव सन्धि तृतीय भाव सन्धि समेत हुन्छ। दोश्रो भवामा ४ जोड्दा रिपुभाव हुन्छ तेश्रा भावमा २ जोड्दा पुत्र भाव हुन्छ। लग्न सन्धिमा ५ जोड्दा रिपु-भावको सन्धि हुन्छ। दोस्रो भावको सन्धिमा ३ जोड्दा पांचौं भाव सन्धि हुन्छ, तेस्रो भावमा १ जोड्दा चौथो भावको सन्धि सिद्ध हुन्छ। बाँकी सबैमा ६ जोड्दा (अर्थात्) २ र ३, ५, ६, भावमा ६ राशी जोड्दा क्रमशः अष्टम नवम एकादश द्वादशभाव समेत पूरा हुन्छ। एवं रीतले १. २. ३. ४. ५. ६. भावको सन्धि सबैमा ६ राशि जोड्दा क्रमशः सातौं आठौं नवम, दशम, एकादश द्वादश भावको सन्धि सिद्ध हुन्छ।

जस्तै– अब द्वादश भाव र सन्धिहरू ल्याउन प्रथम लग्न ६।१९।१४।२४ मा ६ राशि जोड्दा यो ०।१९।१४।२४ यो सप्तम जाया भाव भयो। दशम भाव ३।२३।२१।२८ मा ६ जोड्दा ९।२३।२१।२८ यो चौथो भाव सिद्ध भयो। प्रथम लग्न ६।१९।१४।२४ लाई ९।२३।२१।२८ चौथो भावबाट घटाउँदा आएको शेष फल ३।४।७।४ लाई ६ ले भाग गर्दा आएको लब्धि ०।१५।४१।१० यसलाई प्रथम लग्न ६।१९।१४।२४ मा जोड्दा ७।४।५५।३४ यो लग्न सन्धि भयो। अब लग्न सन्धिमा ०।१५।४१।१० जोड्दा ७।२०।३६।४४ यो द्वितीय धन भाव सिद्ध भयो। यसमा ०।१५।४१।१० जोड्दा ८।५।५१।५४ यो धन भाव सन्धि भयो। यसमा ०।१५।४१।१० जोड्द ८।२१।३३।४ यो तृतीय सहज भाव सिद्ध भयो। यसमा ०।१५। ४१।१० जोड्दा ९।७।१४।१४ यो तृतीय भाव सन्धि भयो।

द्वितीय भाव ७।२०।३६।४४ मा ४ जोड्दा ११।२०।३६।४४ यो छैटौं रिपुभाव सिद्ध भयो। तृतीय भाव ८।२१।३३।४मा २ जोड्दा १०।२१

३३।४ यो पञ्चम पुत्रभाव सिद्ध भयो। प्रथम भाव को सन्धि ७।४।५५।३४ मा ५ जोड्दा छैटौं रिपुभवको सन्धि ०।४।५५।३४ भयो। द्वितीय धन भाव सन्धि ८।५।५१।५४ मा ३ जोड्दा ११।५।५१।५४ यो पञ्चम पुत्र भाव सन्धि भयो। तृतीय भव सन्धि ६।७।१४।१४ मा १ जोड्दा १०।७।१४। १४ यो चौथो सुहृत् भाव सन्धि सिद्ध भयो। बाँकी द्वितीय भाव ७।२०।३६। ४४ मा ६ जोड्दा आएको योगफल १।२०।३६।४४ यो आठौं मृत्यु भाव भयो। तृतीय भाव ८।२१।३३।४ मा ६ जोड्दा त्यो २।२१।३३।४ नवम भाव सिद्ध भयो। पाँचौं भाव १०।२१।३३।४ मा ६ जोड्दा यो ४।२१। ३३।४ यो एघारौं आय भाव सिद्ध भयो। यस्तै छैटौं रिपुभाव ११।२०। ३६।४४ मा ६ जोड्दा ५।२०।३६।४४ यो बाह्रौं व्ययभाव सिद्ध भयो।

एवं सन्धिमा पनि १।२।३।४।५।६ भावको सन्धिहरूमा क्रमशः ६ जोडीदिनु क्रमश: ७।८।९।१०।११।१२ भावको सन्धि सिद्ध हुदा यो सन्धि सहित द्वादश भाव सिद्ध भयो।

स्पष्ट लग्नादि द्वादश भावाः

त.	ध.	स.	सुहृ.	सुत.	रि.	जा.	मृ.	ध.	क.	आ.	व्य.
६	७	८	९	१०	११	०	१	२	३	४	५
१९	२०	२१	२३	२१	२०	१९	२०	२१	२३	२३	२०
१४	३६	३३	२१	३३	३६	१४	३६	३३	२१	२१	३६
२४	४४	४	२८	४	४४	२४	४४	४	२८	२८	४४
सं.	सं.	सं.	सं.	सं.	सं.	सं.	सं.	सं.	सं.	सं.	सं
७	८	९	१०	११	०	१	२	३	४	५	६
४	५	७	७	५	४	४	५	७	७	५	४
५५	५१	१४	१४	५१	५५	५५	५१	१४	१४	५१	५५
३४	५४	१४	१४	५४	३४	३४	५४	१४	१४	५४	३४

ग्रहाणां बालाद्यवस्थाः

वाला रसांशै ६ रसभे प्रदिष्टस्ततः कुमारो हि युवाथवृद्धः ॥
मृतः क्रमादुत्क्रमतःसमर्क्षे वालाद्यवस्थाःकथिता ग्रहाणाम् ॥२७॥

अर्थ– विमष राशिमा ६ अंशसम्म बालक ६ देखि १२ सम्म कुमार १२ देखि १८ सम्म तरुण १८ देखि २४ अंशसम्म वृद्ध २४ देखि ३० अंशसम्म मृत हुन्छ ।

समराशिमा ६ अंश सम्म मृत ६ अंश देखि १२ अंशसम्म वृद्ध १२ देखि १८ अंशसम्म तरुण १८ देखि २४ अंशसम्म कुमार २४ देखि ३० अंशसम्म बालक ।

विषम राशि	विषम	अंशा	सम	समराशि
मेष,	वाला	६	मृत	वृष,
मिथुन,	कुमार	१२	वृद्ध	कर्कट,
सिंह,	युवा	१८	युवा	कन्या,
तुला	वृद्ध	२४	कुमार	वृश्चिक,
धनु,	मृता	३०	वाल	मकर,
कुम्भ,	विषम	अंश	सम	मीन,

फलंतु किंचिद्वितनोति वालश्चार्द्धं कुमारो यतते च पुंसाम् ।
युवा समग्रं खचरोऽथ वृद्धः फलं च दुष्टं मरणं मृताख्यः ॥२८॥

अर्थ– बालक ग्रहले अलिकति फल दिन्छ । कुमार ग्रहले आधा फल दिन्छ । युवा अवस्थाको ग्रहले पूरा शुभ फल दिन्छ र वृद्ध अवस्थाको ग्रहले दुष्ट फल दिन्छ । मृता अवस्थाको ग्रहले मरण गर्दछ ।

ग्रहहरूको शयनादि अवस्था ल्याउने रीति

ग्रहर्क्षसंख्या खगभाननिघ्नी
खेटांश संख्या गुणिता ग्रहाणाम् ।

निजेष्ट जन्मर्क्ष तनुप्रमाणै –
युतार्के १२ तष्टा शयनाद्यवस्था ॥२९॥
शयनं चोपवेशं च नेत्रपाणि प्रकाशनम् ।
गमना गमनेवाऽथ सभासंवसतिस्तया ॥३०॥
आगमो भोजनं चैव नृत्य लिप्सा च कौतुकम् ।
निद्रा ग्रहाणां चेष्टा च कथिता पूर्वसूरिभिः ॥३१॥

अर्थ–– ग्रहहरूको शयनादि अवस्था ल्याउदा जुन ग्रहको अवस्था ल्याउनु छ सोही ग्रह बसेको नक्षत्रको संख्यालाई ग्रहकै संख्याले गुणन गर्नु र गुणनफललाई सोही ग्रहको अंशले पनि गुणन गर्नु र आएको गुणन फलमा आफ्नो जन्म नक्षत्रको संख्या इष्ट घडी, जन्म लग्नसमेत जोड्नु आएको योगफललाई १२ ले भाग दिनु । क्रमशः १ शेषमा शयनावस्था, २ शेषमा उपवेशावस्था, ३ शेषमा नेत्रपाणि प्रकाशनावस्था, ४ शेषमा गमनावस्था, ५ शेषमा सभामा बसेको अवस्था, ६ शेषमा आगमावस्था, ७ शेषमा भोजनावस्था, ८ शेषमा नृत्य लिप्सावस्था, ९ शेषमा कौतुकावस्था, १० शेषमा निद्रावस्था ११ शेषमा चेष्टावस्था शेष नरहेमा विचेष्टावस्था हुन्छ ।

जस्तै सूर्यको अवस्था ल्याउनु पर्दा यहाँ सूर्य बसेको नक्षत्र सख्या १३ छ त्यसलाई ग्रह संख्या १ ले गुणन गर्दा १३ भयो अब सूर्यको अंशा ११ भएकोले त्यसले गुणन गर्दा गुणन फल १४३ भयो। त्यसमा जन्म नक्षत्र संख्या २२ इष्ट घडी ७ जन्म लग्न ७ समेत जोड्दा योगफल १७९ भयो। यसलाई १२ ले भाग दिंदा भागफल १४ शेष ११ आएको हुँदा जन्म समयमा सूर्यको चेष्टावस्था रहेछ भन्ने ज्ञान भयो । यस्तै रीतले अरू चन्द्रादि ग्रहका पनि अवस्था ल्याउनु पर्छ ।

भावफलम्

भावस्थितः पूर्णफलं ग्रहेन्द्रः ।
सन्धिस्थितस्याऽस्य फलं न किंचित् ॥

यात्राविवाहादिषु कार्यजाते–
ष्वेतेऽवचिन्त्यं फलसिद्धिहेतोः ॥३२॥

अर्थ––भावस्थानमा बसेका ग्रहहरूले पूर्ण फल दिन्छन्, सन्धिमा बसेका भए फल दिने हुँदैनन् यात्रा र विवाहादि कार्यमा मात्र यो कुरा बिचार गर्नु पर्दछ ॥१॥

खेटे संधि–द्वयान्तस्थे फलं तद्भावजं भवेत् ।
हीनेऽधिके द्विसंधिभ्यां भावे पूर्वापरे फलम् ॥३३॥

अर्थ– दुई सन्धिका बीचमा ग्रहहरू बसेका भए भावको फल बताउनु, गहहरूकोअंशकम भई सन्धितर्फ ढल्केको भए सन्धिको फल बताउनु । अंशा बढी भई भावतर्फ ढल्केको भए भावको फल बताउनु पर्दछ ।

पतयोः मङ्गलादीनां चन्द्रार्क–गुरु–भूमिजाः ।
बुधः शौरी सितो राहुः क्रमेणोक्ताः मनीषिभिः ॥३४॥

अर्थ– योगिनी आदि आठ ग्रहका मालिक क्रमशः मङ्गलाको चन्द्रमा, पिङ्गलाको सूर्य, धान्याको बृहस्पति, भ्रामरीको मङ्गल, भद्रिकाको बुध, उल्काको शनिश्चर, सिद्धाको शुक्र, संकटाको राहु हुन्छन् भनी विद्वान्हरूले बताएका छन् ।

भ्रामर्याश्च तयोल्कायां संकटान्तर्दशा भवेत् ।
तदातु यमराजस्य सदनम् प्राप्यते नृभिः ३५॥

अर्थ-भ्रामरी या उल्काको महादशामा संकटाको अन्तर पर्न गएको छ भने मृत्यु योग पर्दछ ।

कलिकाले विशेसेण विचार्या योगिनी दशा ॥
तस्य विज्ञानमात्रेण फलं वाच्यं शुभाऽशुभम् ॥३६॥

अर्थ––कलियुगमा विशेष गरी योगिनी दशाको विचारबाट शुभा शुभ फल विचार गर्नू बढिया हुन्छ ।

भुक्त भोग्य दशा वर्ष ल्याउने रीति

भयातनाडी निहता दशाद्वैर्भभोगनाड्या बिहता फलंयत् ।
वर्षादिकं भुक्तमिह प्रवीणैर्भोग्यं दशा द्वान्तरितं निरुक्तम् ॥३७॥

भयात नाडीलाई प्रथम दशा वर्षले गुणनगरी भभोगले भाग दिनाले लब्धि वर्ष मास दिन घडी पला क्रमैले दशा भुक्तमान हुन्छ, त्यसलाई ग्रहको दशा वर्षमा घटाउनाले ग्रहको भोग्य दशा वर्षमान हुन्छ ।

गोमूत्रिका

भयात् ४६।३२
×६०
००
२७६
२७६०
+३२
२७९२ पलात्मक भयात्
×१० चन्द्रदशामान
३६८९)२७९२०(७ वर्ष
२५८२३
२०९७
×१२
४१९४
२०९७
३६८९)२५१६४(६ महीना
२२१३४
३०३०
×३०
००००
९०९०
९०९००

भभोग ६१।२९
×६०
००
३६६
३६६०
+२९
३६८९ पलात्मक भभोग

३६८९)९०९००(२४ दिन
७३७८
१७१२०
१४७५६
२३६४शेष त्याग गर्नु
१० चन्द्रको दशा वर्ष मान
७।६।२४
२।५।६ भुक्त भोग्य वष भयो

भावेशानां भावेषु फलम्

लग्नेशस्य भावेषु फलम्

लग्नेशे लग्नगे देहसुखभाग् भुजविक्रमी ॥
मनस्वी चञ्चलश्चैव द्विभार्यो परगोऽपिवा ॥१॥

अर्थ——लग्नको मालिक लग्न स्थानमै बसेको छ भने सुखी हुन्छ, आफ्नै बाहुबलबाट पुरुषार्थ हुन्छ, मनस्वी र चञ्चल, दुईटी स्त्री वाला अथवा परस्त्री गामी हुन्छ ॥१॥

लग्नेशे धनगे बालो लाभवान् पण्डितः सुखी ।
सुशीलो धर्मविन्मानी बहुदारगुणैर्युतः ॥२॥

अर्थ——लग्नको मालिक धन (२) स्थानमा बसेको छ भने जातक लाभवाला, पण्डित, सुखी, असल शील भएका धर्मजान्ने, मानवाला, धेरै स्त्री र गुणले युक्त भएको हुन्छ ॥२॥

लग्नेशे सहजे जातः सिंहतुल्य-पराक्रमी ।
सर्वसंपद्युतोमानी द्विभार्यो मतिमान्सुखी ॥३॥

अर्थ——लग्न पति तेस्रो स्थानमा बसेको भए सिंह जस्तै पराक्रमी हुन्छ, सबै ऐश्वर्यले युक्त भएको र मानी हुन्छ, दुई स्त्री वाला, बुद्धिमान् र सुखी हुन्छ ॥३॥

लग्नेशे सुखगेबालपितृमातृ-सुखान्वितः ।
बहुभ्रातृयुतः कामी गुणरूपसमन्वितः ॥४॥

अर्थ—— लग्नको मालिक चौथो स्थानमा बसेको भए— माता पिताबाट सुख पाउने, धेरै दाजुभाई भएको, काम वासनावाला, गुण र रूपले युक्त भएको हुन्छ ॥४॥

लग्नेशे सुतगेजन्तोः सुतसौख्यश्च मध्यमम् ॥
प्रथमापत्यनाशस्यात् मानी क्रोधी नृपप्रिय : ॥५॥

अर्थ—लग्नपति पाचौं स्थानमा बसेको भए–जातकले सन्तान सुख मध्यम पाउंछ, पहिलो सन्तान नाश हुन्छ, मानी, क्रोधी र राजाको प्यारो हुन्छ ॥५॥

लग्नेशे षष्ठगे जातो देहसौख्य-विवर्जितः ॥
पापाढ्ये शत्रुतः पीडा सौम्यदृष्टि–विवर्जिते ॥६॥

अर्थ––लग्नको मालिक छैठौं स्थानमा बसेको भए शरीर सुख हुँदैन, शुभ ग्रहले देखेको छैन र पाप ग्रह बसेको छ भने शत्रुबाट पीडा पाउँछ ॥६॥

लग्नेशे सप्तमे पापे भार्या तस्य न जीवति ॥
शुभेऽटनो दरिद्रो वा विरक्तो वा नृपोऽपि वा ॥७॥

अर्थ––लग्नपति सातौं स्थानमा बसेको भए––त्यसको स्त्री बाँच्दिन, शुभ ग्रह छ भने डुलफिर गराउँछ, अथवा दरिद्र अथवा विरक्त गराउँछ राजै भए पनि ॥७॥

लग्नेशेऽष्टमे जातः सिद्धी विद्या विशारदः ।
रोगी चौरो महाक्रोधी द्युतिश्च परदारगः ॥८॥

अर्थ––लग्नको मालिक आठौंमा बसेको भए–सिद्ध र विद्याले पूर्ण हुन्छ, रोगी, चोर, महारिसाहा, जुवाडे र अर्काकी स्त्रीमा गमन गर्ने हुन्छ ॥८॥

लग्नेशे भाग्यगे जातो भाग्यवाञ्जनवल्लभः ॥
विष्णुभक्तः पटुर्वाग्मी दारपुत्रधनैर्युतः ॥९॥

अर्थ––लग्नेश नवौमा बसेको भए– भाग्यमानी र जनको प्यारो हुन्छ, विष्णुको भक्त, चलाख, बोलैय्या, स्त्री र पुत्र धनले युक्त भएको हुन्छ ॥९॥

लग्नेशे दशमे जातः पितृसौख्य समन्वितः ।
नृपमान्यो जने ख्यातः स्वर्जित स्वो न संशयः ॥१०॥

अर्थ—लग्नको मालिक दसौं स्थानमा बसेको भए–पितृ-सुखले युक्त भएको हुन्छ । राजाबाट मान पाउने, मानिसमा प्रसिद्ध र शुभकामले धन उपार्जनगर्ने हुन्छ, यसमा सन्देह छैन ॥१०॥

लग्नेशे लाभगे जातः सदालाभ समन्वितः ।
सुशीलः ख्यातकीर्तिश्च बहुदारगुणैर्युतः ॥११॥

अर्थ—लग्नपति एकादश स्थानमा भए सदा लाभ गर्ने हुन्छ, असल शील स्वभावको र प्रसिद्धकीर्ति भएको धेरै स्त्री र गुणले युक्त भएको हुन्छ ॥११॥

लग्नेशे व्ययभावस्थे देहसौख्य–विवर्जितः ।
व्यर्थव्ययी महाक्रोधी शुभदृग् योगवर्जिते ॥१२॥

अर्थ— लग्नपति बाह्रौं भावमा बसेको भए, शरीरले सुख नपाउने हुन्छ, व्यर्थमा खर्च गर्ने हुन्छ, रिसाहा हुन्छ, शुभग्रहको दृष्टि र योग रहेन छ भने ॥१२॥

धनेशस्य भावेषु फलम्

धनेशे लग्नेगे जातः पुत्रवान् धनसंयुतः ॥
कुटुम्ब कण्टकः कामी निष्ठुरः परकार्यकृत् ॥१॥

अर्थ– धनस्थान (दोस्रा) को मालिक लग्नमा बसेको भए पुत्र र धनले युक्त भएको हुन्छ, कुटुम्बलाई दुःखदिने, काम वासना वाला, निर्दयी र अर्काको काम गर्ने हुन्छ ॥१॥

धनेशे धनगे जातो धनवान्गर्वसंयुत : ॥
द्विभार्यो वहुभार्यो वा सुतहीनः प्रजायते ॥२॥

अर्थ – दोस्रा स्थानको मालिक दोस्रै स्थानमा बसेको भए धनी र घमण्ड भएको हुन्छ, दुईटी वा धेरै स्त्री भएको र छोरा नभएको हुन्छ ॥२॥

धनेशे सहजे जातो विक्रमी मतिमान् गुणी ।
कामी लोभी शुभाढ्यश्च पापाढ्ये देवनिन्दकः ॥३॥

अर्थ—दोस्राको मालिक तेस्रा स्थानमा बसेको भए – पुरुषार्थी, बुद्धिमान् र गुणी हुन्छ, शुभ ग्रहले युक्त भए काम वासना वाला, लोभी हुन्छ. पाप ग्रहले युक्त भएमा देवताको निन्दागर्ने हुन्छ ॥३॥

धनेशे सुखभावस्थे सर्वसम्पत्समन्वितः ।
गुरुणा संयुतेस्वोच्चे राजतुल्यो नरो भवेत् ॥४॥

अर्थ – दोस्राको मालिक चौथामा बसेको भए – सबै किसिमको सम्पत्तिले युक्त भएको हुन्छ । बृहस्पतिले सहित छ अथवा आफ्ना उच्चमा छ भने त राजा बराबर हुन्छ ॥४॥

धनेशे सुतभावस्थे जातो धनसमन्वितः ।
धनोपार्जनशीलाश्च जायन्ते तत्सुता अपि ॥५॥

अर्थ – दोस्राको मालिक पाँचौं स्थानमा बसेको भए – धनवान् हुन्छ, धन कमाउने छोराहरूपनि पैदा हुन्छन् ॥५॥

धनेशे रिपुभावस्थे सशुभे शत्रुतो धनम् ॥
सपापे शत्रुतो हानि जङ्घा–वैकल्यवान् भवेत् ॥६॥

अर्थ – दोस्राको मालिक छैटौं स्थानमा भै शुभग्रहले सहित छ भने शत्रुबाट धन पाउँछ, पापग्रह युक्तछ भने शत्रुबाट हानी गराउँछ, जाँघ निर्बलियो भएको गराउँछ ॥६॥

धनेशे सप्तमे जातः परदाररतो भिषक् ।
पापेक्षित–युते तस्य भार्या च व्यभिचारिणी ॥७॥

अर्थ – दोस्राको मालिक सातौंमा बसेको भए - परस्त्रीमा रत र वैद्य काम गर्ने पनि हुन्छ, पापग्रहले सहित छ अथवा देखेको छ भने त्यसका स्त्री पनि व्यभिचारिणी हुन्छे ॥७॥

धनेशे अष्टमे जातो भूरि भूमिधनैर्युतः ।
पत्नीसुखं भवेत् स्वल्पं जेष्ठभ्रातृ सुखं न हि ॥८॥

अर्थ– दोस्रा स्थानको मालिक आठौं स्थानमा बसेको भए धेरै जमीन र धन भएको हुन्छ, स्वास्नीको सुख थोरै पाउँछ । जेठा दाजुको सुख पनि पाउँदैन ॥८॥

धनेशे धर्मभावस्थे धनवानुद्यमी पटुः ।
बाल्ये रोगी सुखी पश्चात् तीर्थ धर्म–व्रतादिकृत् ॥९॥

अर्थ– दोस्राको मालिक नवौंमा बसेको भए – धनी, उद्योगी र चतुरो हुन्छ, बालखकालमा रोगी र पछि सुखी हुन्छ । तीर्थ धर्म आदि गर्ने हुन्छ ॥९॥

धनेशे कर्मगे जातः कामी मानी च पण्डितः ।
बहुदारधनैर्युक्तः किञ्च पुत्रसुखोज्झितः ॥१०॥

अर्थ – दोस्राको मालिक दसौं स्थानमा बसेको भए– कामी, मानी, पण्डित अर्थात् काम वासना भएको घमण्डी र पण्डित हुन्छ । तर पुत्र सुखले ठगिएको हुन्छ ॥१०॥

धनेशे लाभभावस्थे सर्वलाभसमन्वितः ।
सदोद्योगयुतो मानी कीर्तिमान् जायते नरः ॥११॥

अर्थ – दोस्राको मालिक एकादशमा बसेको भए– सबै तरहको लाभले युक्त भएको हुन्छ, असल उद्योग र मान पाउने कीर्तिवाला पनि हुन्छ ॥११॥

धनेशे व्ययभावस्थे साहसी धनवर्जितः ।
परभाग्यरतस्तस्य जेष्ठपत्यं सुखं न हि ॥१२॥

अर्थ – दोस्राको मालिक बाह्रौं स्थानमा बसेको भए– धन नभएको र साहसिलो हुन्छ । अर्काको भाग्यमा भर गर्ने हुन्छ, पहिलो सन्तानबाट सुख हुँदैन ॥१२॥

तृतीयेशस्य भावेषु फलम्

लग्नगे सहजाधीशे स्वभुजार्जित-वित्तवान् ।
सर्वज्ञः साहसी जातो विद्याहीनोऽपि बुद्धिमान् ॥१॥

अर्थ – तेस्रा स्थानको मालिक लग्न स्थानमा बसेको छ भने आफ्नै पुरुषार्थले धन कमाउने, सबै कुरा जान्ने, साहसी, नपढेको भए पनि बुद्धिमान हुन्छ ॥१॥

द्वितीये सहजाधीशे स्थूलो विक्रमवर्जितः ।
स्वल्पारम्भः सुखी न स्यात् परस्त्री–धन–कामुकः ॥२॥

अर्थ – तेस्रा स्थानको मालिक दोस्रा स्थानमा गै बसेको भए मोटो हुन्छ, पुरुषार्थहीन हुन्छ, सानु काम आरम्भ गर्ने, दुखी हुन्छ परस्त्री तथा धनमा इच्छा राख्ने हुन्छ ॥२॥

सहजे सहजाधीशे सहोदरसुखान्वितः ।
धन–पुत्र–युतो हृष्टो भुनक्ति सुखमद्भुतम् ॥३॥

अर्थ – तेस्रा स्थानको मालिक तेस्रामा बसेको भए– सहोदरहरूबाट सुख पाउँछ, धन पुत्रले युक्त, पुष्ट शरीरको हुन्छ र अति सुख भोग गर्छ ॥३॥

सुखस्थे सहजाधीशे सुखी च धनसंयुतः ।
मतिमान् जायते वालो दुष्टभार्यापतिश्च सः ॥४॥

अर्थ—तेस्राको मालिक चौथामा बसेको भए सुखी हुन्छ, धन युक्त हुन्छ, बुद्धिमान हुन्छ र खराब स्त्रीको पति हुन्छ ॥४॥

सुतस्थे सहजाधीशे पुत्रवान् गुणसंयुतः ।
भार्या तस्य भवेत् क्रूरा क्रूरग्रहयुते क्षिते ॥५॥

अर्थ – तेस्राको मालिक पाँचौं स्थानमा बसेको भए– गुणी र पुत्रवान्

हुन्छ। पाप ग्रहले सहित वा देखेको रहेछ भने त्यसका स्त्री दुष्ट बुद्धिकी हुन्छे ॥५॥

षष्ठभावे तृतीयेशे भ्रातृशत्रुर्महाधनी ।
मातुलैश्च समं वैरं मातुलानी प्रियो नरः ॥६॥

अर्थ—तेस्राको मालिक छैटौंमा बसेको भए भाईको शत्रु हुन्छ, धनी हुन्छ, मामासँग शत्रुता र माइजुसँग मेल हुन्छ ॥६॥

सप्तमे सहजाधीशे राजसेवापरो नरः ।
बाल्ये दुःखी सुखी चान्ते जायते नात्र संशयः ॥७॥

अर्थ – तेस्राको मालिक सातौंमा बसेको भए– राजाको सेवा गर्ने हुन्छ, बालखपनमा दुःखी र पछि सुखी हुन्छ। यसमा सन्देह छैन ॥७॥

अष्टमे सहजाधीशे जातश्चौरो नरो भवेत् ।
दासवृत्योपजीवी च राजद्वारे मृतिर्भवेत् ॥८॥

अर्थ – अष्टम स्थानमा तेस्राको मालिक बसेको भए – जातक चोर हुन्छ, दासको वृत्तिबाट जीविका गर्ने हुन्छ र राजाका ढोकामा मर्छ ॥८॥

नवमे सहजाधीशे पितुःसुख–वर्वजितः ।
स्त्रीभिर्भाग्योदयस्तस्य पुत्रादि–सुखसंयुतः ॥९॥

अर्थ – तेस्राको मालिक नवौंमा बसेको भए–बाबुबाट सुख पाउँदैन, स्त्रीबाट भाग्योदय गर्छ, पुत्रादिबाट सुख पाउँछ ॥९॥

दशमे सहजाधीशे जातः सर्वसुखान्वितः ।
स्वभुजार्जितवित्तश्च दुष्टस्त्रीभरणे रतः ॥१०॥

अर्थ—तेस्राको मालिक दशममा बसेको भए सबै तरहबाट सुखी हुन्छ, आफ्नै बाहुबलले धन कमाउँछ, खराब स्त्रीलाई पालन पोषण गर्नमा रत हुन्छ ॥१०॥

लाभगे सहजाधीशे व्यापारे लाभवान् सदा ।
विद्याहीनोऽपि मेधावी साहसी परसेवकः ॥११॥

अर्थ—तेस्राको मालिक एघारौंमा बसेको भए सदा व्यापारबाट लाभ पाउने हुन्छ, विद्या हीन भएपनि बुद्धिमान् हुन्छ, साहसी र अर्काको सेवा गर्ने हुन्छ ॥११॥

व्ययस्थे सहजाधीशे कुकार्ये व्ययकृज्जनः ।
पिता तस्य भवेत् क्रूरः स्त्रीभिर्भाग्योदयस्तथा ॥१२॥

अर्थ – तेस्राको मालिक बाह्रौंमा बसेको भए खराब काममा खर्च गर्ने हुन्छ, त्यसको बाबु क्रूर हुन्छ, स्त्रीबाट भाग्योदय पाउँछ ॥१२॥

चतुर्थेशस्य भावेषु फलम्

सुखेशे लग्नगे जातो विद्या–गुण–विभूषितः ।
भूमिवाहन–संयुक्तो मातुः सुखसमन्वितः ॥१॥

अर्थ–चतुर्थ स्थानको मालिक लग्नमा बसेको छ भने-जातक विद्या र गुणले युक्त भएको हुन्छ। भूमिवाहनले युक्त भएको र मातृ सुखले युक्त हुन्छ ॥१॥

सुखेशे धनगे जातो भोगी सर्व–धनान्वितः ।
कुटुम्बसहितो मानी साहसी कुहकान्वितः ॥२॥

अर्थ– चौथोको मालिक दोस्रामा बसेको भए-जातक भोगी र संपूर्णधनले युक्त भएको हुन्छ। कुटुम्बले सहित मानी साहसी र केही पाप कर्मले युक्त भएको हुन्छ ॥२॥

सुखेशे सहजे जातो विक्रमी भृत्यसंयुतः ।
उदारोऽरुक् गुणी दाता स्वभुजार्जित वित्तवान् ॥३॥

अर्थ – चौथाको मालिक तेस्रामा बसेको भए–जातक पराक्रमी र नोकरले युक्त भएको हुन्छ। उदार, निरोगी, गुणी, दाता हुन्छ र आफैले आर्जेको सँपत्तिवाला हुन्छ ॥३॥

सुखेशे सुखभावस्थे मन्त्री सर्व–धनान्वितः ।
चतुरः शीलवान् मानी ज्ञानवान् स्त्रीप्रियः सुखी ॥४॥

अर्थ–चौथाको मालिक चौथै स्थान बसेको भए–मन्त्री हुन्छ, संपूर्ण धनले युक्तभएको हुन्छ, चतुरो राम्रो चालचलन भएको र मानी ज्ञानी, स्त्रीको प्यारो र सुखी हुन्छ ॥४॥

सुखेशे पुत्रभावस्थे सुखी सर्वजनप्रियः ।
विष्णुभक्तो गुणी मानी स्वभुजार्जित–वित्तवान् ॥५॥

अर्थ–चौथाको मालिक पाचौमा बसेको भए–सुखी र सबै मानिसको प्यारो हुन्छ, विष्णुको भक्तगुणवान् मानपाएको र आफ्नै पुरुषार्थले कमाएको सम्पत्तिवाला हुन्छ ॥५॥

सुखेशे रिपुभावस्थे मातुः सुख–विवर्जितः ।
क्रोधी चौरोऽभिचारी च स्वच्छाचारश्च दुर्मनाः ॥६॥

अर्थः–चौथाको मालिक छैटौमा बसेको भए–आमाको सुख नपाउने, रिसाहा, चोर, नराम्रो चालचलन भएको, आफ्नो मनसुखी चलने र खराब मन भएको हुन्छ ॥६॥

सुखेशे सप्तमे जातो बहुविद्यासमन्वितः ।
पित्रार्जितधन–त्यागी सभायां मूकवद् भवेत् ॥७॥

अर्थः–चौथाको मालिक सातौं स्थानमा बसेको भए–धेरै विद्याले युक्त भएको हुन्छ, बाबुले कमाएको धन त्यागने हुन्छ, सभामा लाटो जस्तै हुन्छ ॥७॥

सुखेशे रन्ध्रभावस्थे गृहादि – सुखवर्जितः ।
पित्रोः सुखं भवेदल्पं जातः क्लीवसमो भवेत् ॥८॥

अर्थः– चौथाको मालिक आठौं स्थानमा बसेको भए–घरको सुख

पाउँदैन, बाबुग्रामाबाट कम्ती सुख पाउँछ र जातक नपुंसक जस्तै हुन्छ ॥८॥

सुखेशे भाग्यभावस्थे जातः सर्वजनप्रियः ।
देवभक्तो गुणी मानी भवेत् सर्वसुखान्वितः ॥९॥

अर्थः– चौथाको मालिक नवौं स्थानमा बसेको भए–जातक सबैको प्यारो हुन्छ, देवताको भक्त, गुणवान् मानयुक्त र सबै तरहका सुखले सहित भएको हुन्छ ॥९॥

सुखेशे कर्मभावस्थे राजमान्यो नरो भवेत् ।
रसायनो महाहृष्टो सुखभोगी जितेन्द्रियः ॥१०॥

अर्थः–चौथाको मालिक दशौंमा बसेको भए–राजाबाट मान पाउने हुन्छ, वैद्य, खूबपुष्ट, सुख भोग गर्ने, जितेन्द्रिय हुन्छ ॥१०॥

सुखेशे लाभगे जातो गुप्तरोग भयान्वितः ।
उदारो गुणवान् दाता परोपकरणे रतः ॥११॥

अर्थः– चौथाको मालिक एकादशमा बसेको भए–गुप्तरोगी र डराउने हुन्छ, उदार, गुणी दाता र अर्काको दया उपकार गर्ने हुन्छ ॥११॥

सुखेशे व्ययगे जातो गृहादिसुख – वर्जितः ।
जातो दुर्व्यसनी मूढः सदाऽऽलस्य – समन्वितः ॥१२॥

अर्थः–चौथाको मालिक बाह्रौंमा बसेको भए–गृहादिको सुख पाउँदैन, जातक खराब व्यसनी, मूर्ख र सदा अल्छी रहने हुन्छ ॥१२॥

पञ्चमेशस्य भावेषु फलम्

सुतेशे लग्नगे जातो विद्वान् पुत्रसुखान्वितः ।
कदर्यो वक्रचित्तश्च परद्रव्यापहारकः ॥१॥

अर्थः– पाचौंको मालिक लग्नमा बसेको भए–विद्यावान् र पुत्र

सुखले युक्त हुन्छ। ठग गर्ने प्रकृतिको र बाङ्गो मन भएको अर्काको धन हरण गर्ने हुन्छ ॥१॥

सुतेशे धनगे जातो वहुपुत्रो धनान्वितः।
कुटुम्बपोषको मानी स्त्रीप्रियः सुयशो भुविः ॥२॥

अर्थ–पाँचौंको मालिक दोस्रामा बसेको भए–धेरै पुत्र भएको र धनबान् हुन्छ, कुटुम्बलाई पालन्पोषण गर्ने, मान पाएको स्त्रीको प्यारो र पृथ्वीमा यश पाउने हुन्छ ॥२॥

सुतेशे सहजेभावे जायते सोदरप्रियः।
पिशुनश्च कर्दयश्च स्वकार्यनिरतः सदा ॥३॥

अर्थ–पाचौंको मालिक तेस्रामा बसेको भए–सहोदरको प्यारो हुन्छ। चुक्लि लगाउने र कृपणी हुन्छ सदा आफ्नो काममा लागिरहन्छ ॥३॥

सुतेशे सुखभावस्थे सुखी मातृसुखान्वितः।
लक्ष्मीयुक्तः सुबुद्धिश्च सचिवोऽप्यथ वा गुरुः ॥४॥

अर्थ–पाँचौंको मालिक चौथोमा भए–सुखी र आमातर्फबाट सुख पाउने हुन्छ। लक्ष्मीवान्, बुद्धिमान्, मन्त्री अथवा गुरु हुन्छ। ॥४॥

सुतेशे सुतभावस्थे शुभाढ्ये पुत्रवान् नरः।
पापाढ्येऽपत्यहीनोऽसौ गुणवान् मित्रवत्सलः ॥५॥

अर्थ–पाँचौंको मालिक पाचौं स्थानमैं बसेको छ र–शुभ ग्रहले सहित भए छोरा भएको हुन्छ। पाप ग्रहले युक्त भए निः सन्तान हुन्छ, गुणी र मित्रहरूमा दयालु हुन्छ ॥५॥

सुतेशे रिपुभावस्थे पुत्रःशत्रुसमो भवेत्।
मृतापत्यो ऽथवा जातो दत्त क्रीतसुतो ऽथवा ॥६॥

अर्थ–पाँचौंको मालिक छैंटामा बसेको भए–छोरो शत्रु समान हुन्छ, सन्तान मरेको अथवा दिएको अथवा किनिएको छोरा भएको हुन्छ ॥६॥

सुतेशे सप्तमे मानी सर्वधर्म–समन्वितः ।
पुत्रादिसुख–संयुक्त परोपकरणेरतः ॥७॥

अर्थ.पाँचौंको मालिक सातौंमा भए मानिस सबै धमले सहित भएको हुन्छ । पुत्रादि सुखले युक्त भएको र अर्काको उपकारमा चित्त दिने हुन्छ ॥७॥

सुतेशे रन्ध्रभावस्थे स्वल्पपुत्र–सुखान्वितः ।
कास–स्वास–समायुक्तः क्रोधी च सुखवर्जितः ॥८॥

अर्थ–पाँचौको मालिक आठौंमा बसेको भए–पुत्र सुख थोरै पाउँछ । दम खोकीको रोग युक्त हुन्छ, रिसाहा र दुखी हुन्छ ॥

सुतेशे भाग्यगे पुत्रो भूपो वा तत्समो भवेत् ।
स्वयं वा ग्रन्थकर्ता च विख्यातः कुलदीपकः ॥९॥

अर्थ–पाँचौको मालिक नवौंमा बसेको भए राजा वा राजा समान हुन्छ, ग्रन्थ बनाउने प्रसिद्ध कुलको वत्ति हाला ॥९॥

सुतेशे राज्यभावस्थे राजयोगो हि जायते ।
अनेकसुख–भोगी चः ख्यातकीर्तिर्नरो भवेत् ॥१०॥

अर्थ–पाँचौको मालिक दशौंमा बसेको भए राजयोग हुन्छ, अनेक किसिमका सुख भोग गर्ने र प्रसिद्ध कीर्तिवाला मानिस हुन्छ ॥१०॥

सुतेशे लाभगे जातो विद्यावान् जनवल्लभः ।
ग्रन्थकर्ता महादक्षो बहुपुत्र–धनान्वितः ॥११॥

अर्थ–पाँचौको मालिक एकादशमा बसेको भए –विद्यावान् र मानिसको प्यारो हुन्छ । ग्रन्थ लेख्ने अतिनिपुण तथा धेरै छोरा र धनलेसहित हुन्छ ॥११॥

सुतेशे व्ययभावस्थे जातः पुत्रः सुखोज्झितः ।
दत्तपुत्रयुतो वाऽसौ क्रीतपुत्रान्वितोऽथवा ॥१२॥

अर्थ-पाँचौंको मालिक बाह्रौंमा बसेको-भए छोराको सुख नपाउने हुन्छ, दत्तक पुत्रले युक्त अथवा किनिएको पुत्रले युक्त भएको हुन्छ॥१२॥

षष्ठेशस्य भावेषु फलम्

षष्ठेशे लग्नगे जातो रोगवान् कीर्तिसंयुतः ।
आत्मशत्रुर्धनी मानी साहसी गुणवान् नरः ॥१॥

अर्थ-छैटौं स्थानको मालिक लग्नमा बसेको भए जातक-रोगी हुन्छ कीर्तिवान् हुन्छ । मनमा चिन्ता लिने, धनवान् मानी साहसी र गुणी हुन्छ ॥१॥

षष्ठेशे धनभावस्थे साहसी कुलविश्रुतः ।
परदेशी सुखी वक्ता स्वकर्मनिरतः सदा ॥२॥

अर्थ-छैटौंको मालिक दोस्रामा बसेको भए-साहसी र कुलमा प्रसिद्ध हुन्छ । परदेशमा रहने, सुखी र बोलैया तथा आफ्नो कर्ममा सदा लागी रहने हुन्छ ॥२॥

षष्ठेशे सहजे जातः क्रोधी विक्रमवर्जितः ।
भ्राता रिपुःसमस्तस्य मृत्यश्चोत्तरदायकः ॥३॥

अर्थ-छैटौंको मालिक तेस्रामा बसेको भए-रिसाहा हुन्छ । पुरुषार्थ हीन हुन्छ । त्यसका दाजुभाई शत्रु समान हुन्छन् । नोकर चाकर पनि मुखाले हुन्छन् ॥३॥

षष्ठेशे सुखभावस्थे मातुः सुख-विवर्जितः ।
मनस्वी पिशुनो द्वेषी चलचित्तोऽतिवित्तवान् ॥४॥

अर्थ-छैटौंको मालिक चौथामा बसेको भए-आमाबाट सुख नपाउने हुन्छ । मनस्वी, छुल्याहा, दोष दिने, चञ्चल र धनी हुन्छ ॥४॥

षष्ठेशे सुतगे यस्य चलं तस्य धनादिकम् ।
शत्रुता पुत्रभिश्चैव सुखी स्वार्थी दयान्वितः ॥५॥

अर्थ–छैटौंको मालिक पाँचौमा बसेको भए–त्यसको धन अस्थिर हुन्छ, छोराहरूसँग शत्रुता हुन्छ, सुखी, स्वार्थी, दयालु हुन्छ । ॥५॥

षष्ठेशे रिपुभावस्थे बैरं स्वज्ञातिमण्डलात् ।
अन्यैःसह भवेत् मैत्री सुखं मध्यं धनादिकम् ॥६॥

अर्थ–छैटौंको मालिक छैटौंमा बसेको भए आफ्ना ज्ञातिहरूसँग विरोध हुन्छ । अरूसँग मेलमिलाप हुन्छ, धनबाट मिल्ने सुख मध्यम हुन्छ ॥६॥

षष्ठेशे दारभावस्थे जातोदारः सुखोज्झितः ।
कीर्तिमान् गुणवान् मानी साहसी धनसंयुतः ॥७॥

अर्थ–छैटौंको मालिक सातौंमा बसेको भए–स्त्री सुख पाउँदैन, कीर्तिवाला गुणवान्, मान्य, साहसी, धनी हुन्छ ॥७॥

षष्ठेशे अष्टमे जातो रोगी शत्रुर्मनीषिणाम् ।
परद्रव्याऽभिलाषी च परदाररतोऽशुचि ॥८॥

अर्थ–छैटौंको मालिक आठौंमा बसेको भए-रोगी हुन्छ, बुद्धिमान्‌हरूसंग शत्रुता राख्ने हुन्छ । अर्काका धनमा इच्छा राखने र अर्काकी स्त्रीमा प्रेम राख्ने अपवित्र मानिस हुन्छ । ॥८॥

षष्ठेशे भाग्यगे जातः काष्ठपाषाण–विक्रयी ।
व्यवहारे क्वचिद् हानिः क्वचिद्‌वृद्धश्च जायते ॥९॥

अर्थ–छैटौंको मालिक नवौं स्थानमा बसेको भए–काठ र पत्थर बिक्री गर्ने हुन्छ । व्यवहारमा कहिले नोक्सान, कहिले फाइदा गर्ने हुन्छ ॥९॥

षष्ठेशे दशमे भावे मानवः कुलविश्रुतः ।
अभक्तश्च पितुर्वक्ता विदेशे च सुखी भवेत् ॥१०॥

अर्थ–छैटौंको मालिक दसौंमा बसेको भए–कुलमा जान्ने सुन्ने हुन्छ ।

बाबुको भक्ति नगर्ने, बोलैया र परदेशमा सुखी हुन्छ ॥१०॥

षष्ठेशे लाभगे जातः शत्रुतो धनमाप्नुयात् ।
गुणवान् साहसी मानी किन्तु पुत्र–सुखोज्झितः ॥११॥

अर्थ–छैटौंको मालिक एकादशमा बसेको भए–शत्रुबाट धन पाउने हुन्छ । गुणी साहसिलो मान्य हुन्छ तर छोराको सुख पाउँदैन ॥११॥

षष्ठेशे व्ययभावस्थे व्यसने व्ययकृत् सदा ।
विद्वद् द्वेषी भवेज्जातो जीवहिंसासुतत्परः ॥१२॥

अर्थः– छैटौंको मालिक बाह्रौंमा बसेको भए–व्यसनमा पैसा खर्च गर्ने हुन्छ । विद्वान्‌हरूको बदनाम गर्ने र प्राणी मार्नमा तत्पर रहन्छ ॥१२॥

सप्तमेशस्य भावेषु फलम्

दारेशे लग्नगे जातः परदारेषु लम्पटः ।
दुष्टो विचक्षणोऽधीरो जातो वातरुजान्वितः ॥१॥

अर्थ–सातौंको मालिक लग्नमा भए–जातक परस्त्रीमा लम्पट हुन्छ । दुष्ट, चतुरो, अधैर्य र वात रोगी हुन्छ ॥१॥

दारेशे धनगे जातो बहुस्त्रीभिः समन्वितः ।
दारयोगाद्धनाप्तिश्च दीर्घसूत्री च मानवः ॥२॥

अर्थ–सातौंको मालिक दोस्रामा बसेको भए–धेरै स्त्री वाला हुन्छ । स्त्री योगबाट धन पाउने, ढीलो काम गर्ने हुन्छ ॥२॥

दारेशे सहजे जातो मृतापत्यो हि मानवः ।
कदाचिज्जायते पुत्री यत्नात् पुत्रोऽपि जीवति ॥३॥

अर्थ–सातौंको मालिक तेस्रामा भए–सन्तानमरुवा हुन्छ कदाचित् छोरी जन्मिन्छे । यत्नले छोरो पनि बाँचदछ ॥३॥

दारेशे सुखभावस्थे जायानास्य वशे सदा ।
स्वयं सत्यप्रियो धीमान् धर्मात्मा दन्तरोगयुक् ॥४॥

अर्थ–सातौंको मालिक चौथामा बसेको भए–यसकी स्त्री बसमा रहँदिन आफू सत्यलाई प्यारो गर्ने, बुद्धिमान् धर्मात्मा र दाँतको रोगी हुन्छ ॥४॥

दारेशे पञ्चमे जातो मानी सर्वगुणान्वितः ।
सर्वदा हर्षयुक्तश्च तथा सर्वधनाधिपः ॥५॥

अर्थ–सातौंको मालिक पाचौंमा बसेको भए–मान्य हुन्छ, सबै किमको गुणवाला हुन्छ । सदा खुसी रहने र सबै तरहको धनको मालिक हुन्छ ॥५॥

दारेशे रिपुभावस्थे भार्या तस्य रुजान्विता ।
स्त्रीयासहाऽथवावैरं स्वयंक्रोधी सुखोज्झितः ॥६॥

अर्थ–सातौंको मालिक छैटौंमा बसेको भए–त्यसकी स्त्री रोगी हुन्छे । अथवा स्त्रीसँग बैरभाव हुन्छ, रिसाहा र दुःखी हुन्छ ॥६॥

दारेशे सप्तमे भावे जातो दारसुखान्वितः ।
धीरो बिचक्षणो धीमान् केवलं बातरोगवान् ॥७॥

अर्थ–सातौंको मालिक सातौंमै बसेको भए–सुखी हुन्छ, धैर्यवाला, चतुरो, बुद्धिमान् हुन्छ र वात रोगी पनि हुन्छ ॥७॥

दारेशे मृत्युभावस्थे जातोदारसुखोज्झितः ।
भार्याऽपि रोगयुक्ताऽस्य दुःशिलाऽपि न चानुगा ॥८॥

अर्थ–सातौंको मालिक आठौंमा बसेको भए–जातक स्त्रीबाट सुख नपाउने हुन्छ, त्यसकी स्त्री पनि रोगीणी हुन्छे पतिबशमा नरहने खराब शीलकी हुन्छे ॥८॥

दारेशे धर्मभावस्थे नाना स्त्रीभिः समागमः ।
जायाहृतमना जातो बह्वारंभकरो नरः ॥९॥

अर्थ–सातौंको मालिक नवौंमा बसेको भए धेरै स्त्रीहरूसंग समागम हुन्छ । स्त्रीको मन हरण गर्ने र धेरै कामको आरंभ गर्ने मानिस हुन्छ ॥९॥

दारेशे कर्मभावस्थे नास्य जाया वशानुगा ।
स्वयं धर्मरतो जातो धनपुत्रादि–संयुतः ॥१०॥

अर्थ–सातौंको मालिक दशौंमा बसेको भए–यसकी स्त्री वशमा रहँदिन, आफू धर्मात्मा हुन्छ, धन र पुत्रले युक्त हुन्छ ॥१०॥

दारेशे लाभभावस्थे दारैरथ समागमः ।
पुत्रादिसुखमल्पं च जनः कन्याप्रजो भवेत् ॥११॥

अर्थ–सातौंको मालिक एकादशमा बसेको भए–स्त्रीबाट धन आयस्ता गर्ने हुन्छ । छोराका सुख थोरै पाउँछ, छोरी जन्माउने हुन्छ ॥११॥

दारेशे व्ययगे जातो दरिद्रः कृपणोऽपि वा ।
भार्याऽपि व्ययशीलास्य वस्त्राजीवी नरो भवेत् ॥१२॥

अर्थ–सातौंको मालिक बाह्रौंमा बसेको भए–दरिद्री हुन्छ अथवा कृपण पनि हुन्छ, त्यसकी स्त्री पनि धेरै खर्च गर्ने हुन्छे वस्त्रबाट जीविका गर्ने हुन्छ ॥१२॥

अष्टमेशस्य भावेषु फलम्

अष्टमेशे तनौजातस्तनुसौख्य–विवर्जितः ।
देवानां ब्राह्मणानां च निन्दको व्रणसंयुतः ॥१॥

अर्थ–आठौंको मालिक लग्नमा बसेको भए देहसुख पाउँदैन । देव ब्राह्मणको निन्दा गर्ने र घाउयुक्त भएको हुन्छ ॥१॥

अष्टमेशे धने वाहुवलहीनः प्रजायते ।
धनं तस्य भवेत् स्वल्पं नष्टं वित्तं न लभ्यते ॥२॥

अर्थ–आठौंको मालिक दोस्रामा बसेको भए बाहुबल नभएको हुन्छ । त्यसको धन थोरै हुन्छ, नोक्सान भएको धन पाउँदैन ॥२॥

रन्ध्रेशे सहजे भावे भ्रातृसौख्य नजायते ।
सालस्यो भृत्यहीनश्च जायते बलवर्जितः ॥३॥

अर्थ–आठौंको मालिक तेस्रामा बसेको भए–दाजुभाईबाट सुख पाउँदैन अल्छी हुन्छ, नोकर हुँदैनन् निर्बलियो हुन्छ ॥३॥

रन्ध्रेशे सुखभावस्थे मातृहीनो भवेच्छिशुः ।
गृहभूमिसुखैर्हीनो मित्रद्रोही न संशयः ॥४॥

अर्थ–आठौंको मालिक चौथामा बसेको भए–बालक माताले हीन भएको हुन्छ । घर जग्गाको सुखले हीन हुन्छ, मित्रहरूको द्रोह गर्ने हुन्छ यसमा संदेह छैन ॥४॥

रन्ध्रेशे सुतभावस्थे जडबुद्धिः प्रजायते ।
स्वल्पप्रजो भवेज्जातो दीर्घायुश्च धनान्वितः ॥५॥

अर्थ–आठौंको मालिक पाँचौंमा बसेको भए–मूर्ख बुद्धिको हुन्छ, थोरै सन्तान भएको, दीर्घायु र धनी हुन्छ ॥५॥

रन्ध्रेशे रिपुभावस्थे शत्रुजेता भवेज्जनः ।
रोगयुक्त–शरीरश्च बाल्ये सर्पजलाद् भयम् ॥६॥

अर्थ–आठौंको मालिक छैटौंमा बसेको भए–शत्रुलाई जित्ने हुन्छ । रोगी शरीर बाला हुन्छ, बालककालमा सर्प र जलबाट भय रहन्छ ॥६॥

रन्ध्रेशे दारभावस्थे तस्य भार्या द्वयं भवेत् ।
व्यापारे च भवेत् हानिः तस्मिन् पापयुते ध्रुवम् ॥७॥

अर्थ–आठौंको मालिक सातौंमा बसेको भए त्यसका स्त्री दुइटी हुन्छन् । व्यापारमा नोक्सान हुन्छ, पाप ग्रहले युक्त छ भने अवश्य त्यो फल हुन्छ ॥७॥

रन्ध्रेशे मृत्युभावस्थे जातो दीर्घायुषो युतः ।
निर्बले मध्यमायुस्याच्चौरो निन्द्योऽन्यनिन्दकः ॥८॥

अर्थ–आठौंको मालिक आठौंमै बसेको छ भने–जातक दीर्घायु हुन्छ,

ग्रह निर्बल छ भने मध्यमायुको हुन्छ, अर्काको निन्दा गर्ने र स्वयं निन्द्य, चोर हुन्छ ॥८॥

अष्टमेशे तपस्थाने धर्मद्रोही च नास्तिकः ।
दुष्टभार्या–पतिश्चैव परद्रव्यापहारकः ॥९॥

अर्थः–आठौंको मालिक नवौंमा बसेको भए–धर्मको द्रोह गर्ने नास्तिक हुन्छ । खराब स्त्रीको पति हुन्छ, अर्काको धन लुट्ने हुन्छ ॥९॥

रन्ध्रेशे कर्मभावस्थे पितुःसौख्य–विवर्जितः ।
पिशुनः कर्महीनश्च यदिनैव शुभक्षिते ॥१०॥

अर्थः–आठौंको मालिक दशौंमा बसेको भए–बाबुबाट सुख पाउँदैन यदि शुभ ग्रहले नदेखेको भए छुल्याहा र कर्महीन् हुन्छ ॥१०॥

रन्ध्रेशे लाभभावस्थे सपापे धनवर्जितः ।
बाल्ये दुःखी सुखी पश्चात् दीर्घायुश्च शुभान्विते ॥११॥

अर्थः–आठौंको मालिक एकादशमा बसेको भए–पाप ग्रहले युक्त छ भने धन नभएको हुन्छ, शुभग्रह युक्त रहेछ भने बालखपनमा दुखी र पछि सुखी हुन्छ । दीर्घायु पनि हुन्छ ॥११॥

रन्ध्रेशे व्ययभावस्थे कुकार्ये व्ययकृत् सदा ।
अल्पायुश्च भवेज्जातः सपापे च विशेषतः ॥१२॥

अर्थः–आठौंको मालिक बाह्रौंमा बसेको भए-सधैं खराब काममा खर्च गर्ने र अल्पायु हुन्छ, पापग्रहले देखेको रहेछ भने त्यो फल अवश्य हुन्छ ॥१२॥

नवमेशस्य भावेषु फलम्

भाग्येशे लग्नगेजातो भाग्यवान् भूपवन्दितः ।
सुशीलश्च सुरूपश्च विद्यावान् जनपूजितः ॥१॥

अर्थः–नवौंको मालिक लग्नमा बसेको भए–भाग्यमानी हुन्छ, राजाले मान गरिएको हुन्छ, असल स्वभाव रूपवान् हुन्छ, विद्वान् र मानिसले पूजित हुन्छ ॥१॥

भाग्येशे धनभावस्थे पण्डितो जनवल्लभः ।
जायते धनवान् कामी स्त्रीपुत्रादि–सुखान्वितः ॥२॥

अर्थः–भाग्य स्थानको मालिक धनस्थानमा बसेको भए पण्डित र मानिसहरूको प्यारो हुन्छ। धनवान् र कामवासना युक्त तथा स्त्री पुत्रहरूवाट सुखी हुन्छ । ॥२॥

भाग्येशे भ्रातृभावस्थे जातो भ्रातृसुखान्वितः ।
धनवान् गुणवांश्चापि रूपशीलसमन्वितः ॥३॥

अर्थः–नवौंको मालिक तृतीयमा भए–जातक दाजुभाईबाट सुख पाउने हुन्छ, धनी, गुणी, रूपवान् र शीलवान् पनि हुन्छ ॥३॥

भाग्येशे तुर्यभावस्थे गृहवाहनसंयुतः ।
सर्वसंपत्तियुक्तश्च मातृभक्तो भवेन्नरः ॥४॥

अर्थः–नवौंको मालिक चौथामा भए–घर, वाहनले सहित भएको हुन्छ, सबै तरहका संपत्ति युक्त भै आमाको भक्त हुन्छ ॥४॥

भाग्येशे सुतभावस्थे सुतभाग्य– समन्वितः ।
गुरुभक्तिरतो धीरो धर्मात्मा पण्डितो नरः ॥५॥

अर्थः– नवौंको मालिक पाँचौमा बसेको भए छोरा र भाग्यले युक्त रहन्छ । गुरुभक्तिमा प्रेम गर्ने, धैर्यवान् धर्मात्मा र पण्डितहुन्छ ॥५॥

भाग्येशे रिपुभावस्थे स्वल्पभाग्यो भवेन्नरः ।
मातुलादि–सुखैर्हीनः शत्रुभिः पीडितः सदा ॥६॥

अर्थः– नवौंको मालिक छैठौं स्थानमा भए–थोरै भाग्य भएको हुन्छ, मामाहरूका सुखले हीन हुन्छ, शत्रुबाट पीडा पाउने हुन्छ ॥६॥

भाग्येशे दारभावस्थे दारयोगात् सुखोदयः ।
गुणवान् कीर्तिवांश्चापि जायते द्विजसत्तमः ॥७॥

अर्थ–नवौंको मालिक सातौंमावसेको रहेछ भने–स्त्रीसंबन्धीबाट सुखको उदय गराउँछ।गुणी र कीर्तिवान् गराउँछ ॥७॥

भाग्येशे मृत्युभावस्थे भाग्यहीनो नरो भवेत् ।
जेष्ठभ्रातुः सुखं नैव तस्य जातस्य जायते ॥८॥

अर्थ–नवौंको मालिक आठौंमा भए–अभागी हुन्छ । जेठा दाजुबाट सुख पाउँदैन ॥८॥

भाग्येशे भाग्यभावस्थे बहुभाग्यसमन्वितः ।
गुणसौन्दर्य संपन्नो सहजेभ्यः सुखं बहु ॥९॥

अर्थः नवौंको मालिक नवौंमै बसेको भए–ठुलो भाग्यवान् हुन्छ । गुणी र सुन्दर हुन्छ, दाजुभाईबाट धेरै सुख पाउँछ ॥९॥

भाग्येशे कर्मभावस्थे जातो राजाऽथ तत्समः ।
मन्त्रि सेनापतिर्वापि गुणवान् जनपूजितः ॥१०॥

अर्थः–नवौंको मालिक दसौंमा भए–बालक राजा होला वा राजा-समान होला । मन्त्री वा सेनापति होला, मानिसहरूले पूजिएको गुणी होला ॥१०॥

भाग्येशे लाभभावस्थे धनलाभो दिनेदिने ।
भक्तो गुरुजनानां च गुणवान् पुण्यवानपि ॥११॥

अर्थः–नवौंको मालिक एकादशमा बसेको भए-दिन दिन धन लाभ गराउँछ । गुरुजनहरूको भक्त गराउँछ गुणी र पुण्यवान् हुन्छ ॥११॥

भाग्येशे व्ययभावस्थे भाग्यहीनश्चरो नृणाम् ।
शुभकार्ये व्ययो नित्यं निर्धनोऽतिथिसङ्गमात् ॥१२॥

अर्थः–नवौंको मालिक बाह्रौंमा भए–अभागी हुन्छ, शुभ कार्यमा सदा धन खर्च गराउँछ, अतिथिका संगतले निर्धनी गराउँछ ॥१२॥

कर्मेशस्य भावेषु फलम्

कर्मेशे लग्नगे जातो विद्वान् ख्यातो धनी कविः ।
बाल्ये रोगी सुखी पश्चात् धनवृद्धिर्दिने दिने ॥१॥

अर्थः–दसौंको मालिक लग्नमा बसेको भए प्रसिद्ध विद्वान् धनवान् र कवि हुन्छ। बालकपनमा रोगी र पछि सुखी हुन्छ, दिन दिनैं धन बढ्दै जान्छ ॥१॥

राज्येशे धनभावस्थे धनवान् गुणसंयुतः ।
राजमान्यो वदान्यश्च पित्रादिसुखसंयुतः ॥२॥

अर्थः–दसौंको मालक दोस्रामा बसेको भए–धनी र गुणी हुन्छ, राजाबाट मान पाएको, मीठो बोली बोल्ने पितादिको सुख पाउने हुन्छ ॥२॥

कर्मेशे सहजे जातो भ्रातृभृत्यसुखान्वितः ।
विक्रमी गुणसंपन्नो वाग्मी सत्यपरो नरः ॥३॥

अर्थः–दसौंको मालिक तेस्रोमा बसेको छभने–दाजुभाई र नोकरको सुख पाउने हुन्छ । पुरुषार्थी, गुणी, बोलक्कड, सत्यवाला हुन्छ ॥३॥

कर्मेशे सुखभावस्थे सुखी मातृहिते रतः ।
यानभूमि–गृहाधीशो गुणवान् पुत्रवानपि ॥४॥

अर्थ–दसौंको मालिक चौथामा बसेको भए–सुखी र आमाको हितमा मन दिने हुन्छ । घर जग्गा वाहनको मालिक हुन्छ, गुणी र पुत्रवाला हुन्छ ।४।

कर्मेशे सुतभावस्थे सर्वविद्यासमन्वितः ।
सर्वदा हर्ष संयुक्तो धनवान् पुत्रवानपि ॥५॥

अर्थ—दसौंको मालिक पाँचौंमा बसेको भए—सबै किसिमका विद्याले सहित हुन्छ । सँधै खुसी रहने, धनी, र पुत्रवान् हुन्छ ॥५॥

कर्मेशे रिपुभावस्थे पितृसौख्यविवर्जितः ।
चतुरोऽपि धनैर्हीनो शत्रुभिः परिपीडितः ॥६॥

अर्थः—दसौंको मालिक छैटौंमा बसको भए—बाबुबाट सुख पाउँदैन, चतुरो भए पनि धनले हीन हुन्छ, शत्रुबाट पीडा पाउने हुन्छ ॥६॥.

राज्येशे दारभावस्थे जातो दारसुखान्वितः ।
मनस्वी गुणवान् वाग्मी सत्यधर्मरतः सदा ॥७॥

अर्थः—दसौंको मालिक सातौंमा भए—स्त्रीबाट सुख पाउँछ, मनस्वी, गुणी, बोलैया, सत्य र धर्ममा सदा रत रहने हुन्छ ॥७॥

कर्मेशे रन्ध्रभावस्थे कर्महीनो भवेन्नरः ।
दीर्घायुरप्यसौ जातः परनिन्दापरायणः ॥८॥

अर्थः—दसौंको मालिक आठौंमा बसेको भए—मानिस कर्मले हीन हुन्छ, दीर्घायु हुन्छ, अर्काको बदनाम गर्ने हुन्छ ॥८॥

राज्येशे भाग्यभे जातो राजा राजकुलोद्भवः ।
तत्समो ऽन्यकुलोत्पन्नो धनपुत्रादिसंयुतः ॥९॥

अर्थ—दसौंको मालिक नवौंमा बसेको भए-राजाको कुलको रहेछ भने राजानै हुन्छ, अरू कुलको रहेछ भने राजासमान हुन्छ, धन र छोरा छोरी सहित हुन्छ ॥९॥

कर्मेशे राज्यभावस्थे सर्वकर्मपटुः सुखी ।
विक्रमी सत्यवक्ता च गुरुभक्तिरतो नरः ॥१०॥

अर्थ—दसौंको मालिक दसौंमै बसेको भए-सबै काममा चलाख र सुखी

हुन्छ । पुरुषार्थी, साँचो बोल्ने, गुरुको भक्तिमा मन राख्ने हुन्छ ॥१०॥

राज्येशे लाभभावस्थे जातो धनसुतान्वितः ।
हर्षवान् गुणवांश्चापि सत्यवक्ता सदा सुखी ॥११॥

अर्थ–दसौंको मालिक एकादशमा बसेको भए–धन र छोराहरूले युक्त हुन्छ, । खुसी, गुणी र सदा सुखी र सत्य बोल्ने, हुन्छ ॥११॥

राज्येशे व्ययभावस्थे तस्य राजगृहे व्ययः ।
शत्रुतोऽपि भयं नित्यं चतुरश्चापि चिन्तितः ॥१२॥

अर्थः–दसौंको मालिक बाह्रौंमा बसेको भए–त्यसको राजाको घरमा धन खर्च हुने हुन्छ, सदा शत्रुको पनि डर रहन्छ. चतुर भए पनि चिन्तित रहन्छ ॥१२॥

लाभेशस्य भावेषु फलम्

लाभेशे लग्नगे जातः सात्विको धनवान् सुखी ।
समदृष्टिः कविर्वाग्मी सदा लाभसमन्वितः ॥१॥

अर्थः– एघारौंको मालिक लग्नमा छ भने–सात्विक स्वभावको, धनी, सुखी, समदृष्टि राख्ने, कवि, बोलैया र सधैं लाभले युक्त भएको हुन्छ॥१॥

लाभेशे धनभावस्थे जातः सर्वधनान्वितः ।
सर्वसिद्धियुतो दाता धार्मिकश्च सुखी सदा ॥२॥

अर्थः–एघारौंको मालिकदोस्रा स्थानमा छ भने–जातक सबै किसिमका धनले युक्त भएको हुन्छ, सबै तरह सिद्धी भएको, दानी, धर्मात्मा र सदा सुखी हुन्छ ॥२॥

लाभेशे सहजे जातः कुशलः सर्वकर्मसु ।
धनी भ्रातृ सुखोपेतः शूलरोगभयं क्वचित् ॥३॥

अर्थः–एघारौंको मालिक तेस्रामा बसेको भए सबै काममा निपुण हुन्छ, धनवान् हुन्छ, भाईको सुख पाउँछ, कुनै बखत शूलरोगको डर गराउँछ ॥३॥

लाभेशे सुखभावस्थे लाभो मातृ कुलाद् भवेत् ।
तीर्थयात्राकरो जातो गृहभूमिसुखान्वितः ॥४॥

अर्थः–एघारौंको मालिक चौथा स्थानमा बसेको भए आमाको कुल (मामली) बाट लाभ पाउने हुन्छ, तीर्थ गर्ने हुन्छ, घर र जग्गा जमीनबाट सुखी हुन्छ ॥४॥

लाभेशे सुतभावस्थे भवन्ति सुखिनः सुताः ।
विद्यावन्तोऽपि सच्छिलाः स्वयं धर्मरतः सुखी ॥५॥

अर्थः–एघारौंको मालिक पाचौं स्थानमा बसेको भए त्यसका सन्तान सुखी हुन्छन्,असल शीलका हुन्छन् आफू पनि धर्मात्मा र सुखी हुन्छ ॥५॥

लाभेशे रिपुभावस्थे जातो रोग–समन्वितः ।
क्रूरबुद्धिः प्रवासी च शत्रु भिः परिपीडितः ॥६॥

अर्थः–एघारौंको मालिक छैटौंमा बसेको भए जातक रोगी हुन्छ, रिसहा बुद्धिकोहुन्छ, परदेश बस्ने हुन्छ, शत्रुबाट दुःख पाउने हुन्छ ॥६॥

लाभेशे दारभावस्थे लाभो दार कुलात् सदा ।
उदारश्च गुणी कामी जनो भार्यावशानुगः ॥७॥

अर्थः–एघारौंको मालिक सातौं स्थानमा बसेको भए ससुरालीबाट लाभ पाउने हुन्छ, उदार स्वभावको, गुणवान् हुन्छ, कामवासना भएको मानिस हुन्छ, स्वास्नीको वशमा हुन्छ ॥७॥

लाभेशे रन्ध्रभावस्थे हानिः कार्येषु जायते ।
तस्यायुश्च भवेद् दीर्घं प्रथमं मरणं स्त्रियः ॥८॥

अर्थ–एकारौंको मालिक आठौंमा बसेको भए कार्यहानी गराउछ, त्यसको आयु लामो हुन्छ, पहिली स्वास्नी मर्ने हुन्छ ॥८॥

लाभेशे भाग्यभावस्थे भाग्यवान् जायते नरः ।
चतुरः सत्यवादी च राजपूज्यो धनाधिपः ॥९॥

अर्थ–एवारौंको मालिक नवौंमा बसको भए मानिस भाग्यमानी हुन्छ, चतुरो साँचो बोल्ने र राजाबाट पूजित हुन्छ, धनी हुन्छ ॥९॥

लाभेशे कर्मभावस्थे भूपबन्द्यो गुणान्वितः ।
निजधर्मरतो धीमान् सत्यवादी जितेन्द्रियः ॥१०॥

अर्थ–एघारौंको मालिक दसौंमा बसेको भए राजाबाट मानिने र गुणवान् हुन्छ, आफ्नो धर्ममा रत रहन्छ, बुद्धिमान् हुन्छ, साँचो बोल्ने, इन्द्रिय जित्ने हुन्छ ॥१०॥

लाभेशे लाभभावस्थे लाभः सर्वेषु कर्मषु ।
पाण्डित्यं च सुखं तस्य वर्द्धते च दिने दिने ॥११॥

अर्थ एघारौंको मालिक एघारौंमा बसेको भए सम्पूर्ण काममा लाभ गर्ने हुन्छ । पण्डित हुन्छ, सुखी हुन्छ, (सुख र पण्डित्यायीं दिन दिनै बढ्दछ) ॥११॥

लाभेशे व्ययभावस्थे सत्कार्येषु व्ययः सदा ।
कामुको बहुपत्नीको म्लेच्छसंसर्गकारकः ॥१२॥

अर्थ–एघारौंको मालिक बाह्रौंमा बसेको भए असल काममा धन खर्च गर्ने हुन्छ, कामवासना धेरै भएको, धेरै स्त्री भएको र (नीच) म्लेच्छ जातिसंग सहवास गर्ने हुन्छ ॥१२॥

व्ययेशस्य भावेषु फलम्

व्ययेशे लग्नगे जातो व्ययशीलो जनो भवेत् ।
दुर्बल कफरोगी च धनविद्या विवर्जितः ॥१॥

अर्थ–बाह्रौंको मालिक लग्नमा भए खर्च गर्ने हुन्छ निर्बलियो, कफको रोगी, धन र विद्याले हीन हुन्छ ॥१॥

व्ययेशे धनभावस्थे शुभकार्यो व्ययः सदा ।
धार्मिकः प्रियवादी च गुणसौख्यसमन्वित ॥२॥

अर्थ–बाह्रौंको मालिक दोस्रोमा भए असल काममा खर्च गर्ने हुन्छ, धर्मात्मा, प्यारो बोल्ने, गुणी र सुखी हुन्छ ॥२॥

व्ययेशे सहजे जातो भ्रातृसौख्यविवर्जितः ।
भवेदन्यजनद्वेषी स्वशरीरस्य पोषकः ॥३॥

अर्थ–बाह्रौंको मालिक तेस्रामा भए दाजुभाईबाट सुख पाउँदैन, अर्काको बदनाम गर्ने हुन्छ, आफ्नो शरीरलाई पोस्ने हुन्छ ॥३॥

व्ययेशे सुखभावस्थे मातुः सुखविवर्जितः ।
भूमियानगृहादीनां हानिस्तस्य दिने दिने ॥४॥

अर्थ–बाह्रौंको मालिक चौथामा भए आमाको सुख पाउँदैन, जग्गाघर वाहनको दिन परदिनहानि हुँदै जान्छ ॥४॥

व्ययेशे सुतभावस्थे सुतविद्याविवर्जितः ।
पुत्रार्थे च व्ययं तस्य तीर्थाटनपरो नरः ॥५॥

अर्थ–बाह्रौंको मालिक पाचौंमा भए छोरा र विद्या नभएको हुन्छ, छोराका निम्तिमा खर्च गर्ने हुन्छ. तीर्थ घुम्ने पनि हुन्छ ॥५॥

व्ययेशे रिपुभावस्थे जातः स्वजनवैरकृत् ।
क्रोधी पापी च दुःखी च परजायारतो नरः ॥६॥

अर्थ– बाह्रौंको मालिक छैठौंमा भए आफन्तहरूसंग वैरभाव राख्ने, रिसाहा, पापी, दुखी हुन्छ, अर्काकी स्त्रीमा प्रेम गर्ने हुन्छ ॥६॥

व्ययेशे दारभावस्थे व्ययोदारकृतः सदा ।
तस्य भार्यासुखं नैव बलविद्याविवर्जितः ॥७॥

अर्थ–बाह्रौंको मालिक सातौंमा बसेको भए स्त्रीको कारणबाट खर्च हुने हुन्छ । त्यसलाई स्त्रीसुख हुँदैन । बल र विद्याले समेत हीन हुन्छ ॥७॥

व्ययेशे मृत्युभावस्थे जातो लाभान्वितःसदा ।
प्रियवान् मध्यमायुश्च संपूर्णगुणसंयुतः ॥८॥

अर्थ–बाह्रौंको मालिक आठौंमा बसेको भए जातक सधैं लाभ गर्ने हुन्छ, प्यारो बोल्ने, मध्यम आयुको हुन्छ, सम्पूर्ण गुणले युक्तहुन्छ ॥८॥

व्ययेशे भाग्यभावस्थे गुरुद्वेषी भवेन्नरः ।
मित्रैरपिभवेद्वैरं स्वार्थसाधनतत्परः ॥९॥

अर्थ–बाह्रौंको मालिक नवौंमा बसेको भए गुरुजनको बदनाम गर्ने हुन्छ, मित्रहरूसंग पनि वैरभाव हुन्छ, स्वार्थी स्वभावको हुन्छ ॥९॥

व्ययेशे राज्यभावस्थे व्ययो राजकुलात् भवेत् ।
पितृतोऽपि सुखं तस्य स्वल्पमेव हि जायते ॥१०॥

अर्थः–बाह्रौंको मालिक दसौंमा बसेको भए राजकुलबाट खर्च हुन्छ, पिताबाट पनि अलि कति मात्र सुख हुन्छ ॥१०॥

व्ययेशे लाभभावस्थे लाभे हानिः प्रजायते ।
परेण रक्षितं द्रव्यं कदाचिल्लभते नरः ॥११॥

अर्थः–बाह्रौंको मालिक एकादशमा बसेको भए लाभमा हानी गराउँदछ, अर्काबाट रक्षा गरिराखेको धन सजिलैसँग नपाइने हुन्छ ॥११॥

व्ययेशे व्ययभावस्थे व्यया धिक्यं हि जायते ।
न शरीरसुखं तस्य क्रोधी द्वेषपरो नृणाम् ॥१२॥

अर्थः–बाह्रौंको मालिक बाह्रौंमा बसेको भए सदा धेरै खर्च भएरै जान्छ, शरीरसुख पनि पाउँदैन, रिसाहा हुन्छ, अर्काको द्वेष (बदनाम) गर्ने हुन्छ ।

अब जन्म–कुण्लीमा–रहेका सूर्यादिग्रहहरूको फल लेखिन्छ

लग्न स्थितो दिन करः कुरुतेऽङ्ग पीडाम् ।
पृथ्वीसुतो वितनुते रुधिरप्रकोपम् ॥
छायासुतः प्रकुरुते बहुदुःखभाजम् ।
जीवेन्दु भार्गवबुधाः सुखकांतिदाःस्युः ॥१॥

अर्थः–लग्न स्थानमा सूर्य भए शरीरमा पीडा दिन्छ, मङ्गलरहे रक्त सम्बन्धि प्रकोप हुन्छ, शनिश्चरभए धेरै दुःख भोग्नु पर्ने हुन्छ, वृहस्पति, चन्द्रमा, शुक्र, बुध, रहेकोभए सुख र प्रकाश दिने हुन्छन् ॥१॥

दुःखावहाधनविनाशकराः प्रदिष्टाः ।
वित्ते स्थिता रवि-शनैश्चर-भूमि-पुत्राः ॥
चन्द्रो बुधः सुरगुरुर्भृगुनदनो वा ।
नाना विधं धनचयं कुरुते धनस्थः ॥२॥

अर्थः–धनस्थानमा बसेका सूर्य, शनिश्चर,मङ्गल ग्रहहरूले नाना किसिमको दुःख दिने र धन नाशगर्ने हुन्छन् । यस्तै चन्द्रमा, बुध, वृहस्पति, शुक्र बसेको भए नाना किसिमको सम्पत्ति कमाउन सक्ने हुन्छ ॥२॥

भानुः करोति विरुजं रजनीकरोऽपि ।
कीर्त्या युतं क्षितिसुतः प्रचुरप्रकोपम् ॥
ऋद्धि बुधः सुधिषणं सुविनीतवेषम् ।
स्त्रीणां प्रियं गुरु कविरविजस्तृतीये ॥३॥

अर्थ–तृतीय स्थानमा सूर्य रहेको भए रक्त कम गर्नें, चन्द्रमा भए कीर्ति दिने, मङ्गल भए रिसहा हुने, बुध भए सम्पत्ति दिने, वृहस्ति भए बुद्धिमानी शुक्र भए असल शील स्वभावको सफा सुग्गरी, शनिश्चर भए स्वास्तिमानिसको प्यारो हुन्छ ॥३॥

आदित्य भौम शनयः सुखवर्जिताङ्गम् ।
कुर्वन्ति जन्मनि नरं सुचिरं चतुर्थे ॥
सोमो बुधः सुरगुरु भृगुनन्दनोवा ।
सौख्यान्वितं च नृपकर्मरतं प्रधानम् ॥४॥

अर्थ–चतुर्थ स्थानमा बसेका सूर्य, मङ्गल, शनिश्चरले दुःखी गराउँछन् । चन्द्रमा, बुध, बृहस्पति, शुक्रले सुखी, मुख्य राजकाज गर्ई गर्ने फल दिने हुन्छन् ॥४॥

पुत्रे रविः प्रचुरकोपयुतं बुधश्च ।
स्वल्पात्मजं शनिधरातनुजावपुत्रम् ।
शुकेन्दुदेव गुरवः सुतधाम संस्थाः ।
कुर्वन्ति पुत्रबहुलं सुखिनं सुरूपम् ॥५॥

अर्थ–पञ्चमस्थानमा सूर्य बसेको भए क्रोधी हुन्छ, बुध भए सन्तान थोरै हुन्छ । शनिश्चर र मङ्गल भए सन्तान नहुने हुन्छ, शुक्र, चन्द्रमा, वृहस्पतिले धेरै सन्तान हुने र सुखी गराउँछन् ॥५॥

मार्तण्ड–भूमितनुजौ हतशत्रुपक्षम् ।
पङ्गुर्नरं रिपुगृहेष्वति-पूजनीयम् ॥
काव्येन्दुजौ मतिविहीनमनल्परोगम् ।
जीवः करोति विकलं मरणं शशांकः ॥६॥

अर्थ–रिपुस्थानमा सूर्य, मङ्गल, बसेको भए शत्रु विजयी खोरण्डाको उपकारी विशेष गरी सूर्य, मङ्गलको सेवा गर्ने हुन्छ । शुक्र, बुध बसेको भए बुद्धि हीन केही रोगी हुन्छ, बृहस्पतिले दिग्दारी गराउँछ, चन्द्रमाले अल्पायु गराउँछ ॥६॥

तिग्मांशु भौम रविजाः किल सप्तमस्थाः ।
जायां कुकर्मनिरतां तनुसंततिं च ॥
जीवेन्दु भार्गव बुधा बहुपुत्रयुक्ताम् ।
रूपान्वितां जनमनोहररूप्यशीलाम् ॥७॥

अर्थ–सप्तमस्थानमा सूर्य, मङ्गल, शनिश्चर बसेको भए त्यस्तो मानिसको श्रीमतीको आचार खराब नराम्रो काममा लाग्नेभैं निर्वलिया सन्तान हुने हुन्छ, वृहस्पति, चन्द्रमा शुक्र, बुध बसेको भए असल शील स्वभावकी सुन्दरी पुत्र वती पत्नीवाला हुन्छ ॥७॥

सर्वे ग्रहाः दिनकरप्रमुखा नितांतम् ।
मृत्युस्थिता वितनुते किलदुष्टबुद्धिम् ॥
शस्त्राभिघात परिपीडितगात्रयष्टिम् ।
सौख्यैर्विहीनमतिरोगगणैरूपेतम् ॥८॥

अर्थः–अष्टमस्थानमा बसेका सूर्य, चन्द्र मङ्गल, बुध, वृहस्पति शुक्र शनिश्चर समेत सबै ग्रहले दुष्ट बुद्धि गराउने, शरीरमा चोट पटक लगाउने, वृद्धि कम दिने रोगी समेत गराई दिने नराम्रो फल दिने हुन्छन् ॥८॥

धर्मस्थिता रविशनैश्चरभुमिपुत्राः ।
कुर्वन्ति धर्मरहितं विमतिं कुशीलम् ॥
चन्द्रो बुधो भृगुसुतः सुरराज मन्त्री ।
धर्मक्रियासुनिरतं कुरुते मनुष्यम् ॥९॥

अर्थः–नवमस्थानमा बसेका सूर्य, शनैश्चर, मङ्गलले पापकर्म गर्ने, कुबुद्धि, दिने, खराब शील स्वभाव हुने गराउँछ। चन्द्रमा, बुध, शुक्र, बृहस्पतिले धर्म कर्म गर्ने परोपकारी गराउँछ ॥९॥

आदित्यभौमशनयः किल कर्मसंस्थाः ।
कुर्युर्नरं बहुकुकर्मरतं कुपुत्रम् ॥
चन्द्रः सुकीर्तिमुशना बहुवित्तयुक्तम् ।
रूपान्वितं बुधगुरुः शुभकर्मभाजम् ॥१०॥

अर्थः–दशमस्थानमा बसेका सूर्य, मङ्गल, शनिश्चरले कुकर्ममा लाग्नु पर्ने र कुपुत्र पैदा गराउने फल दिन्छन् । चन्द्रमाले सुकीर्ति फैलाउने, शुक्रले धेरै धन कमाउन सक्ने फल दिने र बुध र बृहस्पतिले रूपवान् हृष्ट पुष्ट, सत्कर्म गर्नु पर्ने फल दिन्छन् ॥१०॥

लाभस्थितो दिनकरो नृपलाभयुक्तम् ।
तारापतिर्बहुधनं क्षितिजः क्षितीशम् ॥
सौम्यो विवेक सुधनं धनमायुरीज्यः ।
शुक्रः करोति सगुणं रविजः सुकीर्तिम् ॥११॥

अर्थ–एकादश स्थानमा सूर्य बसेको भए राजाबाट धेरै धन प्राप्त गर्न सक्ने हुन्छ, चन्द्रमा भए धेरै धन आर्जन गर्न समर्थवान हुन्छ । मङ्गल बसेको भए भूमि आर्जन गर्न सक्ने हुन्छ, बुधले विवेक बुद्धि दिन्छन्, बृहस्पतिले धन र आयु दिन्छन्, शुक्रले गुणी गराउँछ, शनिश्चरले सुकीर्ति फैलाउने हुन्छ ॥११॥

सूर्यः करोति पुरुषं व्ययगो विशोजम् ।
काणं शशी क्षितिसुतो बहुपापभाजम् ॥
चन्द्रांगजो गतधनं धिषणः कृशांगम् ।
शुक्रो बहुव्ययकरं रविजः सुतीव्रम् ॥१२॥

अर्थः– द्वादश स्थानमा बसेको सूर्यको फल खराब स्वभाव हुने गराउँछ, चन्द्रमाले आँखा नदेख्ने कानो गराउँछ, मङ्गले पाप कर्ममा लाग्न पर्ने गराउँछ, बुधले सम्पत्तिको नोक्सानी गराउँछ, बृहस्पतिले दुब्लो र निर्बलियो गराउँछ, शुक्रले खर्च गराउँछ, शनिश्चरले कडा मिजास (स्वभाव) को गराउँछ ॥१२॥

राहु केतु फलं सर्वं मन्दवत् कथितं बुधैः ।

अर्थः– राहु र केतु जुनसुकै स्थानमा रहेको भए पनि फल सबै शनिको जस्तै हुन्छ भनि विद्वानहरूले बताएका छन् ।

शनिको साढे साति

द्वादशे जन्मभे राशौ द्वितीये च शनैश्चरः ।
सार्द्धानि सप्तवर्षाणि तदा दुःखैर्युतो भवेत् १॥

अर्थः– आफ्ना जन्म राशिबाट १२,१,२, स्थानमा शनिश्चर भएमा साढे साति हुन्छ । साढे सातिमा दुःख हुन्छ । एक राशिमा २॥ वर्षका हिसावले ३ राशिमा ७॥ वर्ष हुन्छन् ॥१॥

पुनश्चः– जुन राशिमा शनि छ । त्यसमा जुन् जुन् राशिबाट गनि लादा ४–८– पर्दछ त्यो त्यो राशिलाई अढैया शनि दशा हुन्छ ।

गोचरमा पापग्रहको फलम्

द्विजन्मनि पञ्चमसप्तमगाश्चतुरष्टम द्वादश धर्म युताः ॥
धनधान्य प्राणहिरण्यहरा रविराहुशनैश्चर भूमिसुताः ॥२॥

अर्थः– आपना राशिबाट १, २, ५, ७, ४, ८, १२, ९, स्थानमा सूर्य, राहु, शनिश्चर, मङ्गल भएमा धन, धान्य, प्राण, सुवर्णको नाश हुन्छ । केतुको पनि यस्तै फल हुन्छ ॥२॥

केन्द्रादि-संज्ञा

केन्द्र–चतुष्टयकंटकसंज्ञा-आद्य–चतुर्थ–सप्तदशमानाम् ।
परतः पणफरमापोक्लिमं च वेद्यः यथाक्रमतः ॥३॥

अर्थः– लग्न, चतुर्थ, सप्तम, दशम यी चार भावको नाउ केन्द्र चतुष्टय , कंकट, हो । यी भन्दा अगाडि अर्थात् द्वितीय, पञ्चम, अष्टम, एकादश यी स्थानलाई पणफर भन्दछन्, त्यस्तै तृतीय, षष्ट, नवम, द्वादश स्थानलाई आपोल्किम भन्दछन् ॥३॥

उच्चनीच

मेषे रविर्वृषे चन्द्रो मकरे च महीसुतः ॥
कन्यायां रोहिणी पुत्रो गुरुः कर्के झषे भृगुः ॥४॥
शनिस्तुलायामुच्चश्च मिथुने सिंहिकासुतः ॥
उच्चात्सप्तमगा नीचा राशौ वापि नवांशके ॥ ५ ॥

अर्थः– मेषको सूर्य, वृषको चन्द्रमा, मकरको मङ्गल, कन्याको बुध, कर्कको बृहस्पति, मीनको शुक्र, तुलाको शनि, मिथुनको राहु, धनको केतु, उच्च हुन्छन् । आफ्नो उच्चका राशिदेखि सप्तम राशि नीच हुन्छ ॥५॥

दशम–तृतीयाष्टाविंश पंचदश पंचमाः ।
सप्तविंश विंशांशा अर्कादीनां परमोच्च नीचाः ॥ ६ ॥

अर्थः– उच्च भएर बसेका सूर्यादि ग्रहहरूको अंशा क्रमशः १० ३।२८।१५।५।२७।२० सम्म रहेछन् भने परम उच्च हुन्छन् र नीचो भएर बसेका ग्रहहरूको सोही नै अंशा परम क्रमशः नीचो हुन्छन् ॥६॥

मूलत्रिकोण

सिंहो वृषभमेषौ च कन्या धन्वितुलाघटाः ।
रव्यादीनां क्रमात्मूलत्रिकोणा राशयः क्रमात् ॥ ७ ॥
राहोः कुम्भः केतोः सिंहः

अर्थः– सूर्यको सिंह, चन्द्रमाको, बृष, मङ्गलको मेष, बुधको कन्या, बृहस्पतिको धनु, शुक्रको तुला, शनिको कुम्भ, राहुको कुम्भ, केतुको सिंह, मूल त्रिकोण कहिन्छ ॥७॥

ग्रहहरूको दृष्टि

त्र्याशं त्रिकोणं चतुरस्त्रमस्तं, पश्यन्तिखेटाश्चरणाभिवृद्ध्या ।।
मन्दो गुरूर्भूमिसुतः परे च, क्रमेण संपूर्णदृशो भवन्ति ।। ८ ।।

अर्थः– ग्रहहरूको आफना स्थानदेखि ३।१० स्थानमा एक चरणदृष्टि, ९।५ स्थानमा द्विचरण दृष्टि, ४।८ स्थानमा त्रिचरण दृष्टि, ७ स्थानमा चतुश्चरण दृष्टि, हुन्छ । तथा शनिश्चरको ३।१० स्थानमा पूर्ण दृष्टि, गुरूको ९।५ स्थानमा पूर्ण दृष्टि, मङ्गलको ४।८ स्थानमा पूर्ण दृष्टि, चन्द्र बुध सूर्य शुक्रको ७ स्थानमा पूर्ण दृष्टि हुन्छ ।।८।।

ग्रहहरूको एकराशि भोगकाल

मासं शुक्रबुधादित्याः सार्धमासं तु मङ्गलः ।।
त्रयोदश गुरुर्मासांस्त्रिशन्मासान् शनैश्चर ।।९।।
मासानष्टादशतमः सपादद्विदिनं शशी ।।
राहुवत्केतुरुक्तस्तु ग्रहभोगो बुधैःस्मृतः ।।१०।।

अर्थः– सूर्य, बुध, शुक्र एक महिनासम्म एक राशिमा रहन्छन् । मङ्गल डेढ महीना, बृहस्पति १३ महीना, शनिश्चर ३० महीना, राहु केतु १८ महीना, चन्द्रमा सवा दुई दिन, एक राशिमा रहन्छन् । वक्री अथवा शिघ्री भएमा कहिलेकाहीं फरक पनि पर्दछ ।।९।। ।।१०।।

ग्रहको गन्तव्य राशिको पहिलो फलम्

सूर्यारसौम्याःस्फुजितोऽक्षनाग सप्ताद्रिघस्त्राग्निविधुरग्निनाडीः ।
तमोयमेज्यस्त्रिरसाब्धिमासान् गन्तव्यराशेःफलदाःपुरस्तात् ।।११

अर्थ:– सूर्य दोस्रो राशिमा जानु भन्दा ५ दिन, मङ्गल ८ दिन, बुध ७ दिन, शुक्र ९ दिन, चन्द्रमा ३ घडि, राहु केतु ३ महीना, शनि ६ महीना, बृहस्पति २ महीना पहिले फल दिन्छन् ॥११॥

लग्ने व्यये च पाताले यामित्रे चाष्टमे कुजे ॥
पत्नी हन्ति स्वभर्तारं भर्त्ता भार्यां विनाशयेत् ॥१२॥

अर्थ:– स्त्री वा पुरुषको जन्म कुण्डलीमा १।१२।४।७।८ स्थानमा मङ्गल बसेको भए स्त्रीले पतिलाई नाश गर्ने हुन्छे, यस्तै पतिको भए स्त्रीलाई नाश गर्ने हुन्छ। अर्थात विवाह गर्दा स्त्री पुरुषको यस्तै मङ्गले र मङ्गली मिलाएर मात्र गर्नु बेश हुन्छ ॥१२॥

यामित्रे च यदा सौरि लंग्ने वाहिबुकेऽथवा ॥
नवमे द्वादशे चैव भौमदोषो न विद्यते ॥१३॥

अर्थ:– स्त्री वा पुरुषको ७।१।४।९।१२ स्थानमा शनिश्चर बसेको भए मङ्गलको दोष लाग्दैन ॥१३॥

कुजजीव समायुक्तो युक्तोवाजीव चन्द्रमा ।
चन्द्रे केन्द्र गतोवापि नदोषो मंगलीभवेत् ॥१४॥

अर्थ:– स्त्री वा पुरुषको जन्म कुण्डलीमा कुनै स्थानमा मंगल र बृहष्पति ले युक्त अथवा बृहष्पति र चन्द्रमाले युक्त छ भने अथवा केन्द्र १।४।७।१० मा चन्द्रमा छन् भने मंगली दोष हुँदैन ॥१४॥

ग्रहका मित्र सम शत्रु

रवेः समोज्ञो मित्राणी चन्द्रारेज्याः परावरी ॥
इन्दोर्न शत्रवो मित्रे रविज्ञावितरे समाः ॥१५॥
समौ कुजस्य शुक्रार्को बुधोऽरिः सुहृदः परे ॥
ज्ञस्य चन्द्रोरिपु मित्रे शुक्रार्कावितरे समाः ॥१६॥
आरार्कज्ञा गुरोर्मित्राण्यर्किर्मध्यः परावरी ॥
भृगोः समावीज्यकुजौ मित्रे ज्ञार्की परो रिपुः ॥१७॥

शनेर्गुरुःसमोमित्रे शुक्रज्ञौ शत्रवः परे ॥
कश्यपोक्त्याऽनया विज्ञा ग्रहमैत्रीं विचारयेत् ॥१८॥

अर्थः– सूर्यको बुध सम, चन्द्रमा मङ्गल बृहस्पति मित्र, शुक्र शनि शत्रु हुन्। चन्द्रमाको शत्रु छैन, सूर्य बुध मित्र, मङ्गल बृहस्पति शुक्र शनि सम हुन्। मङ्गलका शुक्र शनि सम, बुध शत्रु चन्द्रमा सूर्य बृहस्पति मित्र, हुन्। बुधका चन्द्रमा शत्रु, सूर्य शुक्र मित्र, मङ्गल बृहस्पति शनि समहुन्। बृहस्पतिका सूर्य मङ्गल बुध मित्र शनि सम चन्द्रमा शुक्र शत्रु हुन्। शुक्रका मङ्गल बृहस्पति सम बुध शनि मित्र सूर्य चन्द्रमा शत्रु हुन्। शनैश्चरका गुरु सम बुध शुक्र मित्र सूर्य चन्द्रमा मङ्गल शत्रु हुन्। विद्वानले यो कश्यप ऋषिको उक्तिले ग्रह मैत्री विचार गर्नु। १५,१६,१७, १८

द्वात्रिंशत्पूर्वमल्पायुर्मध्यमायुस्ततो भवेत् ।
चतु ष्षष्टिपुरस्तात्तु ततो दीर्घमुदाहृतम् ॥१९॥

अर्थः– आयुको प्रमाण हेर्नु पर्दा ३२ बत्तीस वर्षसम्मलाई अल्पायु, ६४ चौसट्ठी वर्ष सम्मलाई मध्यमायु, त्यसदेखि माथि उमेरकोलाई दीर्घायु भनि बताएको छ ॥१८॥

भाग्याधिपश्चेद्यदि केन्द्रसंस्थ चाद्येवयस्यैव सुखोदयं वा ।
त्रिकोणगस्वोच्चगतोऽथवा चेन्मध्यं वयस्तस्य सुखोदयं वा॥
भाग्याधिनाथे स्वगृहेय मित्रे भाग्योदयःस्यात् वयसोन्त्यभागे ॥२०॥

अर्थः– भाग्य स्थानको मालिक केन्द्र स्थानमा बसेको भए बाल्या-वस्थामानै भाग्योदय हुन्छ। भाग्य स्थानको मालिक त्रिकोणमा बसेको छ अथवा उच्चो भएर बसेको छ भने जवानी अवस्थामा भाग्योदय हुन्छ। भाग्यस्थानको मालिक स्वगृही छ अथवा मित्र घरमा बसेको छ भने वृद्धावस्थामा भाग्योदय हुन्छ ॥१९॥

धन स्थाने यदा कर्म हिबुकं च विनिर्दिशेत् ।
सूर्यार्कि राहुभौमश्च कुटुम्बस्तस्य पीडयेत् ॥२१॥

अर्थः– जन्म कुण्डलीको द्वितीय दशम चतुर्थ स्थानमा, सूर्य, शनिश्चर राहु यस्तै मङ्गल बसेको भए त्यस मानिसले आफ्ना कुटुम्बलाई पीडा दिने हुन्छ भनि बताउनु ॥२०॥

सूर्ये वित्तविनाशाय पशुनाशाय मङ्गले ॥
शनिःश्वसुरनाशाय सर्वनाशाय राहवे ॥२२॥

अर्थः– २।४।१० स्थानमा सूर्य भए ससुरालीको धन नाश गर्दछ, मङ्गल भए पशुहरूको नाश गर्दछ,शनिश्चर भए ससुरालाई पार्दछ, राहु भए सबै चिजलाई नाश गर्ने हुन्छ ॥२१॥

द्वि-द्वादशे मातुश्चतुर्थे दशमे पितुः ।
सप्तमे भवने पापा माता पिता भर्या च न जीवति ॥२३॥

अर्थः– द्वितीय र द्वादश स्थानमा पाप ग्रह बसेको भए आमा पीर्ने हुन्छ । चतुर्थ र दशम स्थानमा पाप ग्रह भए बाबुलाई पीर्ने हुन्छ । सप्तम स्थानमा पाप ग्रह भए स्त्रीलाई पीर्ने हुन्छ ॥२२॥

एकः पुत्रो रवौ वाच्यश्चन्द्रे चैव सुताद्वयम् ॥
भौमे पुत्रा स्त्रयो वाच्या बुधे पुत्री चतुष्टयम् ॥२४॥

अर्थः– पचम स्थानमा सूर्य भए एउटा छोरो हुन्छ भनि बताउनु । चन्द्रमा भए दुइटी छोरी हुन्छिन भनि दिनु । मङ्गल भए तीन छोरा हुन्छन् भनि बताउनु । बुध भए चार छोरी हुन्छिन् भनि दिनु ॥२३॥

गुरौ गर्भे सुताः पञ्च षट्पुत्र्यो भृगुनन्दने ॥
शनौ च गर्भपातःस्याद्राहौ गर्भो भवेन्न हि ॥२५॥

अर्थः– पञ्चम स्थानमा बृहस्पति भए पांच छोरा जन्मन्छन्, शुक्र भए ६ वटी छोरी हुन्छिन् भनि बताउनु, शनिश्चर भए गर्भपात हुने हुन्छ, राहु बसेको भए गर्भ रहने सम्भव हुँदैन भनि बताउनु ॥२४॥

अग्रजातं रविर्हन्यात् पृष्ठे जातं शनैश्चरः ॥
जातं जातं कुजो हन्यात् सहजस्थानसंस्थितः ॥२६॥

अर्थः– तृतीय स्थानमा सूर्य भए दाजु पिराहा हुन्छ, शनिश्चर भए भाई पिराहा हुन्छ, मङ्गल भए जन्मे जति सबै भाईहरूको नाश गर्ने हुन्छ ॥२५॥

लग्नाधिपः केन्द्रगतः करोति, योगाधिराजं कुलभूषणाढ्यम् ॥
स्ववंश राजाधिकः प्रतापी, स्याच्चक्रवर्ती खलु तत्र जातः ॥२७॥

अर्थः– लग्न स्थानको मालिक केन्द्रमा बसेको छ भने योगाधिराज योग पर्दछ । यस्तो योगमा जन्मेको मानिस कुलको धनि, कुलमा मान्य, ठूलो प्रतापी, राजखान्दानमा जन्मेर यस्तो योगमा जन्म भएको रहेछ भने चक्रवर्ती होला ॥२६॥

धनाधिपः केन्द्रगतः करोति, श्रीवत्स योगं जनितोऽत्र भोगी ॥
धनान्वितः स्याद् विजयो नितान्ते, सुकर्मकर्ता व्यवशाययुक्तः ॥२८॥

अर्थः– द्वितीय स्थानको मालिक केन्द्रमा बसेको छ भने श्री वत्स योग पर्दछ । यस योगमा जन्मेको मानिस भोगी, धनी, विजयी, धर्म गर्ने, उद्योगी, कार्य कुशल हुन्छ ॥२७॥

वृश्चिक्यनाथे खलु केन्द्र याते । स्यात्कल्पवृक्षो नृपयोग मुख्यतम् ॥
जातो भवेदत्र नरेन्द्रपूज्यो । गजाश्व चापि करयुक् प्रतापी ॥२९॥

अर्थः– तृतीय स्थानको मालिक केन्द्रमा बसेको छ भने कल्पवृक्ष योग पर्दछ । यस योगमा जन्म भएको मानिस राजमान्य, हात्ती घोडा समेत पाल्न सक्ने राजा समान पराक्रमी हुन्छ ॥२८॥

पुत्राधिपे केन्द्रगते च योगः । स्यात् पद्मरागो नृपयोगवर्यः ॥
जातोऽत्र योगेऽखिल शत्रुहन्ता । महार्थयुक्तो नृपतिः प्रसिद्धः ॥२९॥

अर्थः– पञ्चम स्थानको मालिक केन्द्रमा बसेको छ भने पद्मराग योग पर्दछ । यस्ता योगमा जन्मेका मानिस शत्रुलाई दबाउन समर्थवान्, धनी, राजा समान ख्यातिप्राप्त गर्न सक्ने हुन्छ ॥२९॥

लाभाधीशे केन्द्रगे कामधेनुः । संज्ञायोगे जायते तत्र जातः ॥
भूमिपालैः सेवितो द्रव्ययुक्तः । स्त्री रत्नो यशग्राही बुद्धियुक्तः ॥३०॥

अर्थः– एकादश स्थानको मालिक केन्द्रमा बसेको रहेछ भने कामधेनु नाम गरेको योग पर्दछ । यस्तो योगमा जन्म भएको मानिस राजपूज्य, द्रव्यवान, कुशल शील स्वभाव भएकी पत्नीको मालिक बुद्धिमान, कीर्ति राख्न सक्ने हुन्छ ॥३०॥

लक्ष्मी स्थानं त्रिकोणं स्यात् विष्णुस्थानन्तु केन्द्रकम् ।
तेषां संयोगमात्रेण चक्रवर्तिनृपो भवेत् ॥३१॥

अर्थः– नवम पञ्चम स्थानलाई लक्ष्मी स्थान, प्रथम चतुर्थ सप्तम दशम स्थानलाई विष्णु स्थान मानिन्छ ।

यिनीहरूको परस्पर सम्बन्ध हुन्छ भने त्यो मानिस चक्रवर्ति राजा समान हुन्छ ॥३१॥

प्रियं वदः स्यात् सचिवो नृपाणां । सेवार्जितार्थः श्रुतितत्परश्च ॥
कला कलापे कुशलो मनुष्यो । दिनाधिपे चन्द्रसुतेन युक्ते ॥३२॥

अर्थः– सूर्य र बुध एकै स्थानमा बसेको छ भने प्यारो बोली भएको, राजा मन्त्रीहरूद्वारा धनको आर्जन गर्न समर्थवान्, शास्त्र जान्ने, शिल्प विद्यामा निपुण हुन्छ ॥३२॥

कालसर्प योग

अग्रे राहुः पृष्ठे केतुरन्तरश्च नवग्रहाः ।
कालसर्प भवेत् योगो वंशनाशो भवेद् ध्रुवम् ॥३३॥

अर्थः– जन्म कुण्डलीमा अगाडि पछाडि राहु र केतु भै बीचमा सूर्यादि अरू ग्रह बसेका छन् भने काल सर्प योग पर्दछ यस्तो पर्न गएमा वंशमा पीडा दिने हुन्छ ॥३३॥

ये योगाः कथिताः पुरा बहुतरास्तेषामभावे भवेद्–
गोलश्चैकगतैर्युगं द्विगृहगैः शूलस्त्रिगेहोपगैः ।
केदारश्च चतुर्षु सर्वखचरैः पाशस्तु पञ्चस्थितैः ।
षट्स्थैर्दामिनिका च सप्तगृहगैर्वीणेतिसङ्ख्या इमे ॥३४॥

अर्थः– महर्षीहरूले धेरै किसिमका योग बताएका छन् तापनि कलि-युगलाई मिल्ने राजयोग दल लेखिए बमोजिम छन् जस्तै जन्म कुण्डलीको एक स्थानमा सबै ग्रह बसेको भए गोल योग पर्दछ , यस्तै दुई घरमा भए युग योग, तीन घरमा भए शूल योग, चार घरमा भए केदार योग, पाँच घरमा भए पाश योग, छ घरमा भए दामिनी योग, सात घरमा भए वीणा योग नामका यी सात योग हुन्छन् ॥३४॥

विद्या सत्त्वौदार्यसामर्थ्यहीनाः । मानायासा नित्यजातप्रयासाः ॥
येषां योगः सम्भवेद् गोलनामा । मामासत्यप्रीतयोऽनीतयस्ते ॥३५॥

अर्थः– जसको कुण्डलीमा गोल योग परेको छ भने त्यो मानिस विद्या, सामर्थ्य, उदारता कम भएको, अनेक परिश्रम गर्ने, मिथ्या र कुनीतिमा विश्वास राख्ने हुन्छ ॥३५॥

पाखण्डेना खण्डित प्रीतिभाजो । निर्लज्जाः स्युर्धर्मकर्मप्रयुक्ताः ।
पुत्रैरर्थैः सर्वथा ते वियुक्ता । युक्ताऽयुक्त ज्ञानशून्या युगाख्ये ॥३६॥

अर्थः– जसको कुण्डलीमा युगयोग परेको छ त्यो मानिस पाखण्डीको साथ प्रेम राख्ने, निर्लज्ज, धर्म कर्म गर्ने, पुत्र धन रहित, योग्या योग्यको विचार नराख्ने हुन्छ ॥३६॥

युद्धे वादे तत्पराः क्रूरचेष्टाः । क्रूराः स्वान्ते निष्ठुरा निर्धनाश्च ।
योगो येषां सूतिकाले हि शूलः । शूलप्रायास्ते जनानां भवन्तिः ॥३७॥

अर्थः– जसको शूल योगमा जन्म भएको छ त्यो मानिस युद्ध र बाद-विवाद गर्न तत्पर, क्रूर चेष्टा हुने, अन्तःकरणमा क्रूरता भएको, निष्ठुरी गरीब, ठाडो स्वभावको हुन्छ ॥३७॥

सत्योपेताश्चार्थवन्तो विनीताः । कृष्यौत्सुक्याच्चोपकारादराश्चः ॥
योगे केदारे नरास्तेपि धीरा। धीराचाश्चापि तेषां विशेषात् ॥३८॥

अर्थः– जसको कुण्डलीमा केदार योग परेको छ त्यो मानसि सात्विक, धनी, अति नम्र, खेतीमा इच्छा गर्ने, उपकारी, धैर्यवान धीर मानिसको साथ संगत गर्ने हुन्छ ॥३८॥

दीनाकारास्तत्पराश्चापकारे। बन्धेनार्त्ता भूरिजल्पाः सदभ्यमाः।
नानानर्थाः पाशयोगप्रजाता। जातारण्य प्रीतयः स्युर्मनुष्याः ॥३९॥

अर्थः– जसको जन्म कुण्डलीमा पाश योग पर्दछ त्यस मानिस दुःखीका जस्तो आकार भएको, कसैको भलाई नगर्ने, बन्धन पर्नु पर्ने, धेरै बकबाद गरेर हिड्ने, सेखि गर्ने, अनर्थकारी जङ्गली जनावरमा प्रेम राख्ने हुन्छ ॥३९॥

जातानन्दो नन्दनाढ्यः सुधीरो। विद्वान् भूपः कोपसञ्जाततोषः।
चञ्चछीलौदार्यबुद्धिः प्रशस्तः। शस्तः सूतौदामिनी यस्य योगः ॥४०॥

अर्थः– जसको जन्म कुण्डलीमा दामिनी योग परेको छ त्यो मानिस सदा आनन्द युक्त, पुत्रवान, धैर्यधारी, विद्वान, राजा, रिस नउठ्ने, असल शील उदारता भएको, बुद्धिमानी, जतातर्तैबाट जस पाउने हुन्छ ॥४०॥

अर्थोपेताः शास्त्रपारङ्गताश्च, सङ्गीतज्ञाः पोषकाः स्युर्बहूनाम्ः ॥
नानासौख्यैरन्वितास्तु प्रवीणा। वीणायोगे प्राणिनां जन्म येषाम् ॥४१॥

अर्थः– जसको जन्म कुण्डलीमा वीणा योग पर्दछ ती मानिस, धनी, शास्त्रमा पारङ्गत, सङ्गीत शास्त्रमा निपुण, धेरैको उपकारी, नाना किसिमको सुख भोग गर्ने, ज्यादै चलाख हुन्छन् ॥४१॥

रुचकादि पाँच योग

स्वगेहतुङ्गाश्रयकेन्द्रसंस्थैरुच्चोपगैर्वावनिसूनुमुख्यैः ॥
क्रमेण योगा रुचकाख्यभद्रहंसाख्यमालव्यशशाभिधानाः ॥१॥

अर्थः– यदि जसको जन्म कुण्डलीमा भौम आदि पाँच ग्रह क्रमैले स्वगेही, उच्चाभिलाषी, केन्द्रगत छन् अथवा उच्च छन् भने रुचक १ भद्र २हंस ३ मालव्य ४ शशक ५ क्रमैले यी पाँच योग हुन्छन् । जस्तो मङ्गल स्वगृही (मेष वृश्चिक) उच्च (मकर) को भएर केन्द्र (१, ४, ७, १०) मा बसेको भए रुचक १ योग हुन्छ। त्यस्तै बुध कन्या मिथुनको भै केन्द्रमा बसेको भए, 'भद्र' २ योग हुन्छ, बृहस्पति धन मीन कर्कको भै केन्द्रमा भए 'हंस' योग हुन्छ। शुक्र बृष तुला मीनको भै केन्द्रमा भए 'मालव्य ४' शनि मकर कुम्भ तुलाको भै केन्द्रमा भए 'शशक' ५ योग हुन्छ ॥१॥

रुचक योगफलम्

दीर्घायुः स्वच्छकान्तिर्बहुरुधिरबलः साहसी चाप्तसिद्धि–
श्चारुभ्रू नीलकेशः समकरचरणो मन्त्रविच्चारु कीर्तिः ।
रक्तः श्यामोऽतिशूरारिपुबलमथन कम्बुकण्ठो महौजाः ।
क्रूरो भक्तो नराणां द्विजगुरुवनितः क्षामजानूरुजङ्घः ॥२॥

अर्थः– 'रुचक' योग भएको मानसि दीर्घायु, स्वच्छ कान्ति वाला, धेरै रक्त र बल भएको, साहसी, कार्यसाधक, राम्रा आँखी भौं, नीलो केश, ठीक हात पाउ भएको, मन्त्र जान्ने, कीर्तिवान्, रक्त श्याम वर्ण वाला, शूरवीर, शत्रु नाशक, शङ्ख समान कण्ठ भएको पराक्रमी, क्रूर मनुष्यमा स्नेह गर्ने, घुंडा पिडौला जाँध पातलोभएको, ब्राह्मण र गुरुजनमा सदा नम्र रहने वाला हुन्छ ॥२॥

भद्रयोग फलम्

शार्दूलप्रतिमाननो द्विपगतिः पीनोरुवक्षःस्थलो,
रम्यापीन सुवृत्त बाहु युगलस्तत्तुल्य देहोच्छ्रय :।
कामीकोमल सूक्ष्मरोमनिचयैः संरुद्धगण्डस्थलः।
प्राज्ञःपङ्कज गर्भपाणिचरणः सत्त्वाधिको योगवित् ॥३॥

अर्थ—'भद्र' नामक योग भएको मानिस सिंह जस्तै अनुहार वाला, हात्तिको जस्तो गति वाला पुष्ट उन्नत् छाति भएको, सुन्दर पुष्ट पाखुरा भएको सो अनुसार शरीर उच्च कामी, नरम दारी वाला विद्वान, कमलको केशर जस्ता हात पाउ भएको, सत्वगुणी, योग मार्ग जाने वाला हुन्छ ॥३॥

हंसयोग फलम्

रक्तास्योन्नतनासिकासुचरणो हंसप्रसन्नेन्द्रियो,
गौरः पीनकपालरक्तकरजा हंसस्वनः श्लेष्मवान् ।
शङ्खाब्जाङ्कुः शमत्स्यदामयुगकैः खट्वाङ्गमालाघटै-
श्चत्पादकरस्थलो मधुनिभे नेत्रे सुवृत्तं शिरः ॥४॥

अर्थ–'हंस' नामक योग भएको मानिस रातो मुख भएको उच्चनासिका भएको, सुन्दर अँगचरण भएको गोरो ,पुष्ट कपाल (कञ्चट) भएको, राता नङ्ग, हाँसाको जस्तो शब्द, श्लेष्म प्रकृति वाला, शङ्ख, कमल,अंकुश मत्स्य, माला, युग्म खट्वाङ्ग घडाका चिह्न हात गोडामा भएको, मधुर नेत्र, वाटुलो शिर वाला हुन्छ ॥४॥

जलाशयप्रीतिरतीव कामी न याति तृप्ति वनितासु नूनम् ।
उच्चः षडष्टाङ्गुलमानयुक्तो देहस्तथास्यायुरिहास्ति षष्ठिः ॥५।

अर्थः–जलाशयमा प्रेम गर्ने,अति कामी, स्त्रीहरूबाट कहिल्यै तृप्त नहुने अठसठ्ठी अङ्गुल अग्लो, साठी वर्ष आयुवाला हुन्छ ।

मालव्य योगफलम्

अस्थूलोष्ठोऽप्यविषमवपुर्नैव रक्ताङ्गसन्धि–
मध्येक्षामः शशिधररुचिर्हस्तिनासः सुगण्डः ।
सद्दीप्ताक्षः समितिशितरहो जानदेशाप्तपाणि–
र्मालव्योऽयं विलसति नृपः सप्ततिवत्सराणम् ॥६॥

अर्थः मालव्ययोग भएको मानिस पातलो ओठ भएको, समान अङ्ग भएको, पातलो कमर भएको, रक्तवर्ण, सन्धिरहित, चन्द्र जस्तो कान्ति, लामो नाक भएको, सुन्दर कपोल, चम्किला आँखावाला, पराक्रमी, आजानु वाहु, ७० वर्षसम्म राज्य गर्ने हुन्छ ॥६॥

शशकयोग-फलम्

लघुद्विजाऽस्योऽद्रिगतः सकोपः शठोऽतिशूरो विजनप्रचारः ।
वनाद्रिदुर्गेषु नदीषु सक्तः प्रियातिथिर्नातिलघुः प्रसिद्धः ॥७॥

अर्थ–शशक योग भएको मनुष्यको छोटा दाँत, सानो मुख हुन्छ, धेरै समयसम्म पहाडमा घुम्ने वाला, क्रोधी, शठ शूर, एकालो घुमने वाला, वन पर्वतआदि दुर्गमस्थान तथा नदी किनारमा रहन निको मान्ने, पाहुनालाई प्यारो गर्ने, प्रसिद्ध, होचो अग्लोमा ठीक हुन्छ ॥७॥

नाना सेना निचयनिरतो दन्तुरश्चापि किञ्चिद्–
धातोर्वादे भवति कुशलश्चञ्चलो लोलनेत्रः ।
स्त्रीसंसक्तः परधनहरो मातृभक्तः सुजङ्घो,
मध्येक्षामः सुललितमती रन्ध्रवेदी परेषाम् ॥८॥

अर्थ–अनेक सेना राखने वाला, उन्नत दात वाला, धातुको काममा चतुर, चञ्चल नेत्र वाला, स्त्रीमा आसक्त, अर्काको धन हर्नेवाला, आमाको भक्त, राम्रा जाँघ पातलो कमर, असल बुद्धि, अर्काको छिद्र देखने वाला हुन्छ ॥८॥

पञ्चमहापुरुषभङ्गयोगः

केन्द्रोच्चगा यद्यपि भूसुताद्या मार्तण्डशीतांसुवशा भवन्ति ।
कुर्वन्ति नोर्विपतिमात्मपाके यच्छन्ति ते केवल सत्फलानि ॥९॥

अर्थ–उपरोक्त रुचकादि योग कारक ग्रहका साथ सूर्य वा चन्द्र बसेको भए उक्त राजयोग भङ्ग गर्छ र साधारण राम्रो फल दिन्छ॥९॥

अनफा सुनफा दुर्धरादियोगाः

रविबर्जं द्वादशगैरनफा चन्द्रात् द्वितीयगैः सुनफा ।
उभयस्थितैर्दुरुधरा केमद्रुमसंज्ञकोऽतोऽन्यः ॥१०॥

अर्थ–चन्द्रमादेखि दोस्रो स्थानमा सूर्यबाहेक अरू कुनै ग्रह बसेको रहेछ भने 'सुनफा' योग हुन्छ । बाह्रौं स्थानमा सूर्यबाहेक अरू कुनै ग्रह बसेको भए अनफा' योग हुन्छ । एवं चन्द्रमादेखि २।१२ स्थानमा कुनै ग्रह बसेको भए दुरुधरा योग हुन्छ । द्वी द्वादश २+१२ मा कुनै ग्रह नबसेको भए 'केमन्द्रुम, योग हुन्छ ॥१०॥

सुनफा योग फलम्

भौमादिनां फलं यत् स्यात् ज्ञात्वा त्वविकलं बुधः ।
प्राज्ञाय प्रवदेत् सम्यक् सुनफादिकृतं फलम् ॥११॥

अर्थ–मङ्गल आदि ग्रहहरूको जो फल रुचकादि योगहरूमा बताइएको छ त्यसलाई राम्रो जानेर अनफा सुनफा आदि योग फल जानोस् ॥११॥

विक्रमवित्तप्रायो निष्ठुरवचनश्च भूपतिश्चन्द्रे ।
हिंस्रो नित्यविरोधी सुनफायां भौमसंयोगे ॥१२॥

अर्थ–चन्द्रमादेखि दोस्रो स्थानमा मङ्गल बसेको भए पराक्रमी, धनवान, निष्ठुर, हिंसक, सबसंग नित्य विरोध गर्ने राजा होला ॥१२॥

श्रुतिशास्त्रगेयकुशलो धर्मरतः काव्यकृन्मनस्वी च ।
सर्वहितो रुचिरतनुः सुनफायां सोमजो भवति ॥१३॥

अर्थः—चन्द्रमादेखि दोस्रो स्थानमा बुध रहेछ भने वेदादि शास्त्रज्ञ, धर्मात्मा, कवि, मनस्वी, सबको हित चिन्तक सुन्दर शरीर वाला हुन्छ ॥१३।

नानाविद्याचार्यं ख्यातिं नृपतिं बुधप्रियं चापि ।
सकुटुम्बधनसमृद्धं सुनफायां सुरगुरुः कुरुते ॥१४॥

अर्थः—चन्द्रमादेखि दोस्रा बृहस्पति रहेछन् भने अनेक विद्याको आचार्य, विख्यात, गुरुको मायागर्ने, कुटुम्ब र धन युक्त हुन्छ ॥१४॥

स्त्रीक्षेत्रभूमिगृहपश्वपुष्पदाढ्यः सुविक्रमो भवति ।
नृपसत्कृतः सुवेषो दक्षः शुक्रेण सुनफायाम् ॥१५॥

अर्थः—चन्द्रदेखि दोस्रा शुक्र छ भने—स्त्री क्षेत्र गृहको रक्षक, पशुपाल्ने, पराक्रमी, राजाबाट सत्कार पाउने, सुन्दर कपडा पैह्रने, चतुर हुन्छ ॥१५॥

निपुणमतिर्ग्रामपुरैर्नित्यम् संपूजितो धनसमृद्धः।
सुनफायां रवितनये क्रियासु गुप्तो भवेन्मलिनः ॥१६॥

अर्थः—चन्द्रदेखि द्वितीय शनि भए-बुद्धिमान्, ग्राम पूजित धनी, गुप्तीसँग कामगर्ने वाला, मैलो रहने हुन्छ ॥१६॥

अनफायोग फलम्

चौरः स्वामी दृप्तः स्ववशो मानी रणोत्कण्ठः ।
क्रोधात् सम्पत्साध्यः सुतनुःकुजेऽनफायां प्रगल्भश्च ॥१८॥

अर्थः— चन्द्रमादेखि बाह्रौं मङ्गल रहेछ भने त्यो मनुष्य चोर, घमण्डी, दलबनाएर रहने, मानी, लडाई झगडा निको मानने वाला, क्रोधले सम्पत्ति आर्जन गर्ने वाला, इर्ष्यागर्ने, वाला, घमण्डी हुन्छ ॥१७॥

गन्धर्वो लेखपटुः कविः प्रवक्तो नृपाप्तसत्कारः ।
रुचिरः सुभगश्च बुधे प्रसिद्धकर्माऽनफायां स्यात् ॥१८॥

अर्थः–चन्द्र देखि द्वादश बुध भए गवैया, लेखपढमा चतुर, वक्ता, कवि, राजमान पाउने, सुन्दर, भाग्यवान्, काममा प्रसिद्ध हुन्छ ॥१८॥

गंभीरः सन्मेधसंयुक्तो बुद्धिमान् नृपाप्तयशाः ।
अनफायां त्रिदशगुरौ सञ्जातः सत्कविर्भवति ॥१९॥

अर्थः–चन्द्रदेखि द्वादश गुरु भए–बडो गंभीर, बुद्धिमान् राजाबाट मान पाउने र कवि हुन्छ ॥१९॥

युवतीनामतिसुभगः प्रणयी क्षितिपस्य गोपतिः कान्तः ।
कनकसमृद्धश्च पुमाननफायां भार्गवे भवति ॥२०॥

अर्थः–चन्द्रमा देखी बाह्रौंशुक्र भए–स्त्रीको प्यारो राजाको प्यारो, सुन्दर, गाईपाल्ने वाला, सुवर्णधन युक्त हुन्छ ॥२०॥

विस्तीर्णभुजः सुभगो गृहीतवाक्यश्चतुष्पदसमृद्धः ।
दुर्वनितागणभोक्ता गुणसहितः पुत्रवान् रविजे ॥२१॥

अर्थः–चन्द्रमा देखि बाह्रौं शनि भए-लामा हात भएको, सुन्दर, चौपाया पाल्ने, दुष्ट स्त्रीहरू भोगने, गुणी र पुत्रवान् हुन्छ ॥२१॥

दुर्धरायोगफलम्

अनृतवचा बहुवित्तोऽनिपुणोऽशितठो गुणाधिक्यो लुब्धः ।
वृद्धस्त्रीषु प्रसक्तः कुलाग्रणीः शशिनि भौमबुधमध्ये ॥२२॥

अर्थः–मंगल र बुधको बीचमा चन्द्रमा छ भने–झूठा बोल्ने वाला हुन्छ, धनी, चतुर, शठ, गुणी, लोभी, वृद्ध स्त्रीमा आसक्त, कुलमा मुख्य हुन्छ ॥२२॥

ख्यातः कर्मषु कितबो बहुधनवैरस्त्वमर्षणो धृष्टः ।
आरक्षः कुजगुर्वोमध्यगते शशिनि संग्राही ॥२३॥

अर्थः–चन्द्रमा मँगल र गुरुको बिचमा बसेको भए आफ्नो कामले प्रसिद्ध, कपटी, धनको कारणले वैर गर्ने, रिसाहा, ढीट, रक्षक, संग्रही हुन्छ ॥२३॥

उत्तमरामः सुभगो विषादशीलोऽस्त्रविद्भवेच्छूरः ।
व्यायामी रणशीलः सितारयोर्मध्यगे चन्द्रे ॥२४॥

अर्थः–चन्द्रमा शुक्र र मङ्गलको बिचमा बसेको भए–सुन्दर स्त्रीवाला स्वयं सुन्दर, हरेक काममा खेद लिने वाला, हतियार चलाउने, शूरो, कसरती, लडाका हुन्छ ॥२४॥

उत्तम सुरतो वहुधनसञ्चयकारी व्यसनसक्तश्च ।
क्रोधी पिशुनोरिपुमान् यमारयोः स्याद् दुरुधरायाम् ॥२५॥

अर्थः–शनि र मङ्गलको विचमा चन्द्र भए–रतिप्रिय, संग्रही, व्यसनी, क्रोधी, छुल्याहा, शत्रु युक्त हुन्छ ॥२४॥।

धर्मरतः शास्त्रज्ञो वाचि पटुः सर्ववर्द्धनसमृद्धः ।
त्यागयुतो विख्यातो गुरुबुधमध्यस्थिते चन्द्रे ॥२६॥

अर्थः–बुध र गुरुको बिचमा चन्द्रमा भए–धर्मात्मा, शास्त्रज्ञ, बोल्नामा चतुर, सबैलाई बढाउने, समृद्ध र प्रसिद्ध दानी हुन्छ ॥२३॥

देशे देशे गच्छति वित्तवशे नास्ति विद्यया सहितः ।
चन्द्रेऽन्येषां पूज्यः स्वजनविरोधी ज्ञमन्दयोर्मध्ये ॥२७॥

अर्थः–बुध र शनिका माझमा चन्द्रमा बसेको भए–देश विदेश घुम्ने वाला, धनमा निर्लोभी, असल विद्या जान्ने वाला। पूज्य र स्वजन विरोधी हुन्छ ॥२७॥

प्रियवाक् सुभगः कान्तः प्रवृत्तगोयदि सुकृतवान् नृपतिः ।
सौख्यं शूरो मन्त्री बुधसितयोर्मध्यगे च हिमकिरणे ॥२८॥

अर्थः–बुध, र शुक्रको माझमा चन्द्रमा बसेको भए प्रियवाक्यबोलने वाला, सुन्दर, सबको प्यारो, प्रवृत्ति मार्गमा प्रवृत्त, पुण्यवान्, राजाबाट सुख पाउने, शूरो, सुखी, मन्त्रणा गर्न चतुर, राज्य गर्ने वाला हुन्छ ॥२८॥

धृतिमेधः स्थैर्ययुतो नीतिज्ञः कनकरत्नपरिपूर्णः ।
ख्यातो नृपकृत्यकरो गुरुसितयोर्दुरुधरायोगे ॥२९॥

अर्थः गुरु र शुक्रको माझमा चन्द्रमा बसेको भए बुद्धिमान् धैर्यवान्, स्थिर, नीतिवान् रत्नादिले पूर्ण, प्रसिद्ध, राजकार्य गर्ने वाला हुन्छ ॥२९॥

सुखनयविज्ञानयुतः प्रियवाग् विद्वान् धुरन्धरोमर्त्यः ।
ससुतो धनो सुरूपश्चन्द्रो गुरुभार्गवान्तरगे ॥३०॥

अर्थः गुरु शुक्रको वीचमा चन्द्रमा भए–सुखी, नीति विज्ञानले युक्त, प्रिय बोल्ने वाला, ठूलो विद्वान्, हरेक कामलाई पूरा गर्न सक्ने, पुत्रवान्, धनवान् सुन्दर हुन्छ ॥३०॥

वृद्धवनितं कुलाढ्यं निपुणं स्त्रीवल्लभं धनसमृद्धम् ।
नृपसत्कृतं बहुज्ञं कुरुते शनि शुक्रयोश्चन्द्रः ॥३१॥

अर्थः–शनि र शुक्रको वीचमा चन्द्रामा भए आफ्नो उमेर भन्दा बढी उमेरकी स्त्रीसँग विवाह गर्ने वाला, कुलाचार युक्त, चतुर स्त्रीको प्यारो, जानिफकार, समृद्ध, राजाबाट मान पाउने वाला हुन्छ ॥३१॥

केमद्रुमयोगफलम्

केमद्रुमे भवति पुत्रकलत्रहीनो ।
देशान्तरे व्रजति दुःखसमाभितप्तः ।
ज्ञातिप्रमोदनिरतो मुखरः कुचैलो ॥
नीचः सदा भवति भीतियुतः श्चिरायुः ॥३३॥

अर्थः जसको कुण्डलीमा केमद्रुम योग परेको छ सो मनुष्य छोरा स्वास्नीले हीनभै दुखःतप्त भएर देशान्तरमा घुम्ने हुन्छ, बन्धुलाई सुखदिने र मुखाले हुन्छ, नराम्रो वस्त्र लगाउने, निचो बुद्धिको, धेरै बाँचने र डरूवा हुन्छ ॥३३॥

केमद्रुमयोगभङ्ग

केन्द्रे शीतकरेऽथवा ग्रहयुते केमद्रुमो नेष्यते ।
केचित् केन्द्रनवांशकेष्विति वदन्त्युक्तिः प्रसिद्धा न ते ॥३४॥

अर्थः—यदि चन्द्रमा केन्द्रमा बसेको होस् अथवा चन्द्रमाका साथमा अरू ग्रहले युक्त होस् त केमद्रुम योग भङ्ग हुन्छ अथात् कुनै आचार्यहरू यो पनि भन्दछन् कि चन्द्रमा केन्द्रीय राशिको नवाँशमा पनि बसेको होस् त केमद्रुम योग भङ्ग हुन्छ । यो शुभ दायक पनि छ, तर यो नवांश वाला कुरा सर्वमान्य छैन ।३४॥

फेरी केमद्रुमयोगभङ्ग

कुमुदगहन बन्धुर्वीक्ष्यमाणः समस्तै–
र्गगनगृहनिवासैर्दीर्घजीवी मनुष्यः ॥
फलमशुभसमुत्थं यच्च केमद्रु मोक्तं,
स भवति नरनाथः सार्वभौमो जितारिः ॥३५॥

अर्थः—कुण्डलीमा केमद्रुम परेको भए पनि यदि चन्द्रमालाई सबै ग्रहले देख्दछन् भने दीर्घायु वैरीहरूलाई जित्ने वाला, सार्व भौम राजा हुन्छ, त्यस-लाई केमद्रुमको अशुभ फल लाग्दैन ॥३५॥।

पूर्णः शशी यदि भवेच्छुभर्क्षसंस्थितो वा, सौम्यान्तरेऽथभृगुनन्दनसंयुतश्च ।
पुत्रार्थसौख्यजनकः कथितो मुनीन्द्रैः, केमद्रुमे भवति भङ्गसुप्रसिद्धिः ॥३६॥

अर्थः केमद्रुम वाला भए पनि पूर्णचन्द्रमा बुध वा गुरुवा शुक्रको

साथमा शुभ स्थान (वृष, कर्क, कन्या वृश्चिक मकर मीन)मा बसेको भए पुत्र धनको सुख दिने र मङ्गल कार्य गराउने र प्रसिद्ध मनुष्य गराउँछ ॥३६॥

सूर्याद्वेशि वोशि-उभयचरी-योगाः

सूर्याद्व्ययेशगे वोशिर्द्वितीयगैश्चन्द्रवर्जितैर्वेशिः ।
उभयस्थितैर्ग्रहगणैरुभयचरीनामतः प्रोक्तः ॥३७॥

अर्थः– सूर्यदेखि द्वादश स्थानमा चन्द्रदेखि बाहेक अरू जोसुकै ग्रह बसेको भए पनि वोशियोग हुन्छ, द्वितीयमा बसेका भए वेशियोग हुन्छ, सूर्यका दुवै तर्फ ग्रह बसेका भए उभय चरी योग हुन्छ ॥३॥

वेशियोग फलम्

मन्ददृशं स्थिरवचनं परिभूरिश्रमं नतोर्द्धतनुम् ।
कथयति गणिताधिपतिर्वेशि समुत्थंत्वधो दृष्टिम् ॥३८॥

अर्थः– वेशीयोग वाला मनुष्य मन्द दृष्टिवाला, स्थिर वचनवाला परिश्रमी, माथिबाट बनेको शरीर, नीचो दृष्टि भएको हुन्छ । ॥३८॥

बहुलश्चयो दिनसदृग् बोशौ पुरुषो भवेद् गुरोर्जातः ।
भीरुः कामविलग्नो लघुचेष्टो भृगुसुते पराधीनः ॥३९॥

अर्थः–सूर्यदेखि बाह्रौं स्थानमा गुरु रहनाले बनेको वोशि योग वाला मानिस धर्मात्मा र उज्यालो हुन्छ, शुक्रले बनेको वोशियोग छ भने डराउने, अधिक कामी, थोरै चेष्टा गर्ने वाला र पराधीन हुन्छ ॥३९॥

परवञ्चितो दरिद्रो मृदुविनीतो बुधो विगतलज्जः ।
मालुन्न क्षितिपुत्रो परोपकारी नरो वोशौ ॥४०॥

अर्थः– सूर्यदेखि बाह्रौं बुध बसी वोशियोग भएको छ भने अरूलाई घोचपेच गर्ने, दरिद्री, मृदु, नम्र, निर्लज्ज, आमालाई मार्ने वाला, हुन्छ मङ्गलले बनेको वोशियोग छ भने परोपकार गर्ने हुन्छ ॥४०॥

परदाररतस्तन्द्री वृद्धाकारो घृणी भवेन्मनुजः ।
जातः पुमानिह स्याद् वोशौ योगे शनैश्चरेण संयुक्ते ॥४१॥

अर्थः–शनिले बनेको वोशीयोग भए परस्त्री गामी झुलेर रहने, बुढो जस्तो देखिने र दयालु हुन्छ ॥४१॥

वेशियोग–फलम्

उच्चेष्टवचाः स्मृतिमान् भोगयुतो निरीक्षते तिर्यक् ।
पूर्वशरीरे पृथुलस्तुच्छगतिः सात्विको वेशौ ॥४२॥

अर्थः–वेशियोग भएको मानिस उत्तम हित वचन भन्नेवाला, स्मरण शक्ति वाला, भोगी, तेर्सो हेर्ने वाला, शरीरको पहिलो भाग पुष्ट भएको मन्द गतिवाला, सात्विक प्रकृति भएको मानिस हुन्छ ॥४२॥

धृतिसत्यबुद्धियुक्तो भवति गुरुर्वेशिगो रणे शूरः ।
ख्यातो गुणवानार्यः शूरो वै भार्गवे पुरुषः ॥४३॥

अर्थः–गुरुले बनेको वेशियोग भए–सत्य धैर्य भएको बुद्धिमान र शूरो हुन्छ, शुक्रले बनेको वेशियोग भए प्रसिद्ध, गुणी, शूरो हुन्छ ॥४३॥

प्रियभाषी रुचिरतनुर्वेशी स्याद्वा बुधे वराजकृत् पुरुषः ।
संग्रामे विख्यातो भूमिसुते सुतगुणवानपि ख्यातः ॥४४॥

अर्थः–बुधले बनेको वेशियोग भए प्यारो बोल्ने, सुन्दर हाँसो गर्नेवाला हुन्छ, मङ्गलले बनेको वेशियोग भए लडाईमा प्रसिद्ध, रथ हाक्नेवाला, प्रसिद्ध हुन्छ ॥४४॥

वणिक्कलास्वभावः स्यात् परद्रव्यापहारकः ।
गुरुद्वेषी शनिः सूर्यः सोमे वेशिः शनैश्चरे ॥४५॥

अर्थः–शनिले वेशियोग परेको भए व्यापारी स्वभावको, अर्काको धन हर्ने, मान्यजनको द्वेष गर्ने वाला हुन्छ ॥४५॥

उभयचरी—योगफलम्

सर्वसहः सुसमदृक् समकायः सुस्थितो निपुणसत्वः ।
नात्युच्चः परिपूर्णग्रीवो भवेदुभयचर्यायाम् ॥४६॥

अर्थः—उभय चरीयोग भएको मानिस सबै सहने, सबैमा सम दृष्टि राख्ने, स्थिर, सत्वगुणी, निपुण, अग्लो होचोमा मध्यम्, पुष्ट घाटी भएको हुन्छ ॥४६॥

सुभगो बहुभृत्यजनो बन्धुजनाश्रयो नृपतितुल्य. ।
नित्योत्साही हृष्टो भुनक्ति भोगानुभयचर्यायाम् ॥४७॥

अर्थः— भाग्यवान् नोकर चाकरले युक्त बन्धुका रक्षक, राजा जस्तै उत्साही, प्रसन्न चित्त र भोगी हुन्छ ॥४७॥

सिंहासन—योग

षष्टाऽष्टमे द्वादशे च द्वितीये च यदा ग्रहाः ।
सिंहासनाख्यायोगोऽयं राजसिंहासनं विशेत् ॥४८॥

अर्थः—जसको कुण्डलीमा छैटौं, आठौं, दोस्रो, बाह्रौं या चार घरमा सबै ग्रहहरू बसेका रहेछन् भने त्यसलाई सिंहासन योग भनिन्छ । यस योगबाट राज्य सिंहासन प्राप्त हुन्छ ॥४८॥

एकावली—योग

लग्नतश्चान्यतो वापि क्रमेण पतिता ग्रहाः ।
एकावली समाख्याता महाराजो भवेन्नर ॥४९॥

अर्थः—लग्न वा कुनै स्थानदेखि एक एक स्थानमा एक एक ग्रह गरी सबै ग्रह बसेका रहेछन् भने एकावली योग हुन्छ, यस योगमा जन्म लिने मानिस महाराजा हुन्छ ॥४९॥

चतु:सागर–योग

चतुर्थकेन्द्रसंज्ञेषु सौम्याः पापग्रहाः स्थिताः ।
चतुः सागरयोगोऽयं राज्यदो धनदो भवेत् ॥५०

अर्थः–जसको कुण्डलीमा चारै केन्द्र (१।४।७।१०) मानै सबै शुभ पाप ग्रहहरू बसेका रहेछन् भने त्यो चतु:सागर योग भनिन्छ यो योग राज्य धन दिने हुन्छ ॥५०॥

कर्कटे मकरे मेषे तुलायाञ्च ग्रहाः स्थिताः ।
चतुः सागरयोगः स्यात् सर्वारिष्टनिषूदनः ॥५१॥

अर्थः–कर्कट्, मकर, मेष, तुला राशीमा सबै शुभ पाप ग्रह बसेका रहेछन् भनैं पनि चतु:सागर योग हुन्छ । यस योगले सबै अरिष्टको नाश गर्छ ॥५१॥

चतुः सिन्धौ नरोजातो बहुरत्नसमन्वितः ।
गजवाजिधनैः पूर्णो धरणीशो भवेन्नरः ॥५२॥

अर्थः–जुन मनुष्य चतुसागर नामक योगमा जन्म लिन्छ सो मनुष्य अनेक रत्न, हात्ती, घोडा, सुनले पूर्ण पृथ्वीपति हुन्छ ॥५२॥

राज योग प्रकरण

लग्नेलग्नपतिर्बलान्वितवपुः केन्द्रेत्रिकोणे शिवम् ।
पच्छाजन्मविवाहमानतिलके कुर्यान्नृपं तं ध्रुवम् ॥
सच्छीलं विभवान्वितं गजयुतं मुक्तातपत्रान्वितम् ।
जातं नीम्नकुले विभूतिपुरुषं शंसन्ति गर्गादयः ॥५३॥

अर्थः–लग्नेश बलवान् भएर १।४।७।१०।५।९।११ मा बसेको छ भने जातक राजा हुन्छ, उत्तम शीलको हुन्छ । अनेक हात्ती घोडा मोती छत्र आदि अनेक वैभव युक्त हुन्छ । नीचै कुलमा जन्म भएको भए पनि विभूति युक्त हुन्छ ॥५३॥

एकः शुक्रो जननसमये लाभसंस्थे च केन्द्रे,
जातो वै जन्मराशौ यदि सहजगते प्राप्यते वा त्रिकोणे ।
विद्याविज्ञानयुक्तो भवति नरपतिर्विश्वविख्यातकीर्तिः,
दानी मानी च शूरो हयगणसहितः सद्गजैः सेव्यमानः ॥५४॥

अर्थः–जसको कुण्डलीमा एक्लो शुक्र १।४।७।१०।११।९।५।३ वा जन्म राशिमा बसेको छ भने–विद्या विज्ञानले युक्त विख्यात कीर्ति भएको, दानी, मानी शूर बीर राजा हुन्छ, धेरै हात्तीले सेविएको, अश्वविद्या जान्ने वाला हुन्छ ॥५४॥

दशमभवननाथे केन्द्रकोणे धनस्थे–
ऽवनिपतिवलयाने शस्तसिंहासनेषु ।
स भवति नरनाथो विश्व विख्यातकीर्ति–
र्मदगलितकपोलैः सद्गजै सेव्यमानः ॥५५॥

अर्थः–दशम घरको स्वामी १।४।१०।७।९।५।२ स्थानमा बसेको भए राजसिहासनमा बस्ने मदमत हात्तीहरूले परिपूर्ण, जगत् मा विख्यात कीर्ति भएको हुन्छ ॥५५॥

चन्द्र पश्येद्यदाऽऽदित्यं बुधः पश्येन्निशापतिम् ।
अस्मिन् योग तु यो जातः स भवेद्वसुधाधिपः ॥५६॥

अर्थः–जसको कुण्डलीमा चन्द्रले सूर्यलाई देखोस् बुध सूर्यले चन्द्रलाई देखून् त पृथ्वीपति गराउँछ ॥५६॥

यदि भवति च केन्द्री यामिनीनाथ एवं,
प्रवितरति सुभार्यां पुत्रिणीं वा सुरूपाम् ।
धनकनकसमृद्धिमाणिकं हीररत्ने,
रचयति मृगनाभिद्रव्यवर्यैः शरीरम् ॥५७॥

अर्थः–जसको कुण्डलीमा चन्द्रमा केन्द्रमा बसेको रहेछ भने त्यसलाई

अति सुन्दरी भार्या र पुत्री मिल्दछे। धन, सुवर्ण हीरा, मोतिले युक्त, कस्तुरी चन्दनादि लेपन गर्ने लावा हुन्छ ॥५७॥

किं कूर्वन्ति ग्रहाःसर्वे यस्य केन्द्रे वृहस्पतिः।
मतमातङ्गयूथानां भिनत्त्येकोऽपि केशरी ॥५८॥

अर्थः जसको केन्द्र (१।४।७।१०) मा गुरु बसेको होस् त्यसका कुण्डलीमा अरू अनेक कुयोग भए पनि त्यो दोषलाई केन्द्रगत एक्लै गुरुले पनि नाश गर्छ। जसरी मत्ता हात्तीको बथानलाई एउटै सिंहले नाश गर्छ ॥५८॥

धनवान् प्राज्ञः शूरो मन्त्री वा दण्डनायकः पुरुषः।
दशमस्थे रवितनये वृन्दपुरग्रामनेता वा ॥५९॥

अर्थः–दशम स्थानमा शनि बसेको भए धनवान्, बुद्धिमान्, शूर वीर राजाको मन्त्री वा पुरग्राम समुदायको (नेता) स्वामी हुन्छ ॥५९॥

तुला कोदण्डमीनस्थो लग्नस्थोऽपि शनैश्चरः।
करोति भूपतेर्जन्म वंशे च नृपतिर्भवेत् ॥६०॥

अर्थः–तुला, धनु, मीन राशिको भएर लग्नमा शनि बसेको भए राजकुलमा जन्म लिएर राजानै हुन्छ।

मृगपतिवृषकन्याकर्कटस्थे च राहौ,
भवति विपुललक्ष्मी राजराजाधिपो वा।
हय–गज–नर–नौका–मेदिनीपण्डितश्च
स भवति कुलदीपोराहु तुङ्गो नराणाम् ॥६१॥

अर्थः–जसको सिंह, कन्या, वृष, कर्कमा राहु बसेको हुन्छ, सो मानिस विपुल लक्ष्मी सम्पन्न राजाधिराज हुन्छ, त्यै राहु उच्चको भए हात्ती, घोडा नोकर,चाकर, नाउ, जमीनले युक्त ठूलो पण्डित र कुलदीपक हुन्छ ॥६१॥

अरिष्ट कथनम्

सूर्याच्च नवमे तातश्चन्द्रान्माता चतुर्थतः ।
भौमाच्च तृतीये भ्राता बुधात्तुर्ये च मातुलः ॥१॥
गुरोः पञ्चमतः पुत्रो भृगोः सप्तमतः स्त्रियः ।
शनेरष्टमतो मृत्युः क्रूरः कष्टं लभेत् नरः ॥२॥

अर्थः–जसकोकुण्डलीमा सूर्यदेखि नवौंमा क्रूर ग्रह भएदेखि पितालाई कष्ट दिन्छ, चन्द्रमादेखि चौथो क्रूर ग्रह भए मातालाई कष्ट दिन्छ, मङ्गलदेखि तेस्रो घरमा क्रूर ग्रह भए भाई पिर्छ, बुधदेखि चौथो पापग्रह भए मामा पिर्छ। गुरुदेखि पाचौं पाप ग्रह भए पुत्र पिर्दछ, शुक्रदेखि सातौं क्रूर ग्रह भए स्त्री पिर्छ, शनिदेखि अष्टम पाप ग्रह भए आफूलाई पिर्छ ॥१॥१२॥

चतुर्ग्रही योगः

चतुर्ग्रहैरेकगृहे च संस्थैर्धीधर्मदुश्चिक्यतनुस्थितैर्वा ।
दासीषु जातः क्षितिपालतुल्यो भवेन्नरेन्द्रोऽम्बुधिपारयायी ॥३॥

अर्थः–जस्को कुण्डलीमा ४ शुभ या पाप ग्रह एकै स्थानमा बसेका होउन् अथवा पञ्चम, नवम् तृतीय, लग्नमा बसेका होउन् यस योगमा जन्मेको मानिस राजा हुन्छ वा राजासमान समुद्रपार जाने हुन्छ ॥३४॥

लग्नं लग्नेशसंयुक्तं यस्य जन्मनि जायते ।
न मुञ्चन्ति गृहं तस्य कुलस्त्रिय इव श्रियः ॥४॥

अर्थः–लग्नपति लग्नमा बसेको भए कुलस्त्रीले झैं लक्ष्मीले त्यसको घर छाड्दिनन् ॥४॥

चन्द्रेण मङ्गलो युक्तो जन्मकाले यदा भवेत् ।
तस्य जातस्य गेहं तु लक्ष्मीर्नैव विमुञ्चति ॥८॥

अर्थः–जन्ममा मङ्गल चन्द्र संग बसेका भए त्यसको घरलाई लक्ष्मीले कहिले छाड्दिनन् ॥५॥

पञ्चमस्थः शुभाः सर्वे पुत्रसन्तानकारकाः ।
क्रूराः सन्तति मृत्युं च कुपुत्रं च धरासुतः ॥६॥

अर्थः– पञ्चम घरमा शुभ ग्रह भए पुत्र संतान दिन्छन्, पाप ग्रहले सन्तति हुँदै मर्दै गर्छन्, मङ्गल भए कुपुत्र दिन्छ ॥६॥

उच्चो वा यदि वा नीचो पञ्चमं केतुराश्रितः ।
हाहाकारं च कुरुते पुत्रशोकेन पीडितः ॥७॥

अर्थः–पञ्चम स्थानमा केतु छभने पुत्रशोकले हाहाकर गर्ने हुन्छ ॥७॥

ऋतुरेतोऽप्यदृष्टं स्याद् यदि चैको नपश्यति ।
अप्रसूतो भवेन्मर्त्यो बहुस्त्रीपरिणेतृकः ॥८॥

अर्थः–पञ्चमस्थ केतुलाई कुनै ग्रहले देख्दैन भने त्यसलाई सन्तानोत्पत्तिको त के कुरा त्यसकी स्त्रीको रजोधर्म पनि बन्द हुन्छ, अनेक विवाह गरे पनि पुत्रसुख पाउँदैन ॥८॥

सुतस्थाने द्विपापौ वा त्रिपापाश्चात्र संस्थिताः ।
तदास्त्री–पुरुषौ बन्ध्यौ विज्ञयौ सुतवीक्षिते ॥९॥

अर्थः–पञ्चम घरमा २ वा ३ पाप ग्रह वसेका भए स्त्री पुरुष दुवै बन्ध्य हुन्छन् ॥९॥

ऋतुश्च कथितो शुक्रो रेतो भौमः प्रकीर्तितः ।
भौम पश्यति यद्वर्षे तद्वर्षेगर्भसंस्थितिः ॥१०॥

अर्थः–शुक्रलाई ऋतु (रज) मङ्गललाई रेत (वीर्य) भन्छन् जुन वर्षमा मङ्गलले युक्त छ उसै वर्षमा गर्भ स्थिति हुन्छ ॥१०॥

लग्नात् पुत्र–कलत्रभे शुभपति प्राप्तेऽथवाऽऽलोकिते,
चन्द्राद्वा यदि सम्पदस्ति हि तयोर्ज्ञेयोऽन्यथाऽसम्भवः ।

पाथोनोदयगे रवौ रविसुते मीनस्थिते दारहा
पुत्रस्थानगतश्च पुत्रमरणं पुत्रोऽवनेर्यच्छति ॥११॥

अर्थः–लग्नदेखि वा चन्द्रदेखि पञ्चमभाव शुभ ग्रह वा आफ्नो स्वामीले युक्त दृष्ट छ भने पुत्रसन्तान अवश्य हुन्छ । तथा लग्न वा चन्द्रदेखि सप्तम भाव शुभ ग्रहले वा आफ्नो स्वामीले युक्त वा दृष्टछ भने अवश्य स्त्री दिन्छ। सो दुवै नभए स्त्री पुत्रादि हुँदैनन्। यदि जन्म लग्न कन्या छ र त्यसमा सूर्य बसी शनि मीनमा छ भने स्त्री नाश गर्छ । तथा कन्याराशिको सूर्य, मकरको पञ्चम मङ्गल छ भने पुत्र नाश गर्छ ॥११॥

पूर्वमायुः परीक्षेत पश्चाल्लक्षणमादिशेत् ।
आयुर्हीननराणां च लक्षणैः किं प्रयोजनम् ॥१२॥

अर्थः– पहिले आयुको विचार गर्नु र पछि मात्र लक्षणको विचार गर्नु, किनभने आयुनभएकाको लक्षण हेरी रहनुको प्रयोजन छैन ॥२१॥

कृष्णपक्षे दिवा जातः शुक्लपक्षे यदा निशि ।
तदाऽष्ठाऽष्टमश्चन्द्रो मातृवत्परिपालकः ॥१३॥

अर्थ– कृष्णपक्षमा दिनको जन्म छ र शुक्ल पक्षमा रात्रिको जन्म छ भने त्यस्तोमा छैटौं वा आठौं चन्द्रमा भए पनि आमाले झैं परिपालन गर्ने हुन्छ ॥१३॥

शनैश्चरस्तुलाकुंभमकरे यदि वा भवेत् ।
लग्ने षष्ठे तृतीये वा तदाऽरिष्टं न जायते ॥१४॥

अर्थ– तुला मकर कुम्भमा वा १।६।३ मा शनि बसेको भए सबै अरिष्टको नाश गर्छ ॥१४॥

केन्द्रे शुभो यदैकोऽपि वली विश्वप्रकाशकः ।
सर्वे दोषाः क्षयं यान्ति दीर्घायुश्च भवेन्नरः ॥०५॥
एकोऽपिकेन्द्रे बुधजीवशुक्रा क्रूरा सहस्राणि विरुद्धयुक्ताः ।
तथापिऽसर्वाण्यपि यान्ति नाशं यथा मृगाः केशरिदर्शनेन॥१६॥

अर्थ– जसको केन्द्रमा पूर्ण बली भएर एक शुभ ग्रह मात्र बसेको रहेछ भने सबै दोष नाश गरेर दीर्घायु गर्छ ॥१५॥

जसको केन्द्रमा बुध गुरु शुक्र एक ग्रह मात्र बसेको भए पनि सबै ग्रहको दोष नाश गर्छन् ॥१६))

मूर्तेश्चाऽपि निशापतेश्च नवमं भाग्यालयं कीर्तितम् ।
तत्स्वस्वामियुतेक्षितं प्रकुरुते भाग्यं स्वदेशोद्भवम् ।
चेदन्यैर्विपयान्तरेऽत्रशुभदाः स्वोच्चादिगाः सर्वदा ।
कुर्युर्भाग्यमसाधवो न च वलाद् दुःखोपलब्धिपराम् ॥१७॥

अर्थ– लग्न वा चन्द्रदेखि नवौं स्थान भाग्य स्थान भनिन्छ, भाग्य स्थान आफ्नो स्वामीयुक्त दृष्ट छ भने आफ्नै देशमा उन्नति गराउँछ, उक्त भाग्यभाव अन्यग्रहबाट युक्त दृष्ट भए विदेशमा भाग्योदय गराउँछ, पाप ग्रह भई निर्वल छ भने पूर्ण दुःख प्राप्ति गराउँछ ॥१७॥

मित्रारिगेहोपगतैर्नभागैस्ततस्ततोऽर्थः परिकल्पनीयः ।
तुङ्गेपतङ्गे स्वगृहे त्रिकोणे स्यादर्थसिद्धिर्निजवाहुवीर्यात् ॥१८॥

अर्थ– कर्मेश शत्रु वा मित्रगृही जस्तो छ त्यसैद्वारा धन दिलाउँछ, उच्चको सूर्य होस् वा स्वगृही वा त्रिकोणी रहेछ भने आफ्नै बाहुवलबाट धन आर्जन गराउँछ ॥१८॥

लाभस्थाने ग्रहाः सर्वे राज्यलाभफलप्रदाः ।
गजाश्वपतिमीप्सां च सौम्या कुर्वन्ति निश्चितम् ॥१९॥

अर्थ– एकादश (११) स्थानमा बसेका सबै ग्रह राज्य लाभ फलदिने हुन्छन्, लाभस्थानमा शुभ ग्रह बसेका भए सदा हात्ती घोडाको स्थिति रहन्छ, असल काम गर्ने इच्छा भै रहन्छ ॥१९॥

त्रिभिः स्वस्थैर्भवेन्मंत्री त्रिभिरुच्चैर्नराधिपः ।
त्रिभिर्नीचैर्भवेद्दासस्त्रिभिरस्तैर्भवेत्जाडः ॥२०॥

अर्थ– ३ ग्रह आफ्नो घरमा भए मन्त्री, ३ ग्रह उच्च भए राजा, ३ ग्रह नीच भए दास, ३ ग्रह अस्त भए मूर्ख हुन्छ ॥२०॥

नीचस्थितो जन्मनि यो ग्रहः स्यात्तद्राशिनाथोऽथतदुच्चनाथः ।
भवेत्त्रिकोणे यदि केन्द्रवर्ती राजा भवेद् धार्मिक चक्रवर्ती ॥२१॥

अर्थ– जन्म समयमा जुन ग्रह नीचो भएर बसेको छ उस ग्रहको राशिको मालिक अथवा उच्च राशिको मालिक त्रिकोण (५–९) मा अथवा केन्द्रमा बसेको छ भने त्यो मानिस धार्मिक चक्रवर्ती राजा हुन्छ ॥२१॥

सूर्ये केन्द्रे राजसेवी वैश्यवृत्तिर्निशाकरे ।
शस्त्रवृत्तिः कुजे शूरो बुधे चाध्यापको भवेत् ॥२२॥

अर्थ– केन्द्रमा सूर्य बसेको भए राजसेवी (मन्त्री) सम्म हुन्छ, चन्द्रमा केन्द्रमा बसेको भए वैश्य वृत्तिमा रहने हुन्छ, मङ्गल केन्द्रमा बसेको भए हतियारबाट जीविका गर्ने हुन्छ । बुध केन्द्रमा बसेको भए अध्यापक (माष्टर हुन्छ) ॥२२॥

अधिपयुतो दृष्टो वा बुधजीव युतेक्षितश्च यो राशिः ।
स भवति बलवाअथवा युक्ता दृष्टोऽपि वा शेषैः ॥२३॥

अर्थ– राशि आफ्नो स्वामी र बुध गुरुले युक्त दृष्ट छ र अरूले युक्त दृष्ट छैन भने सो राशि अति बलवान् हुन्छ, अरु ग्रहले पनि युक्त दृष्ट भए मध्यबली हुन्छ, अथवा स्वामी र बुधगुरु समेतले युक्तदृष्ट छैन भने त्यो राशि निर्बल हुन्छ ॥२३॥

आत्मा रविः शीतकरस्तुचेतः सत्वंधराजः शशिजोऽथवाणी ।
ज्ञानं सुखं चेन्द्र गुरुर्मदश्च शुक्रः शनिः कालनरस्य दुःखम् ॥२४॥

अर्थ– काल रूप पुरुषको सूर्य–आत्मा, चन्द्र–मन, मङ्गल–बल, बुध–वाणी, गुरु–ज्ञानसुख, शुक्र–मदन (कन्दर्प) र शनि दुःख, हुन् ॥२४॥

राजा रविः शशधरश्च बुधः कुमारः ।
सेनापतिः क्षितिसुतः सचिवौ सितेज्यो ॥
भृत्यस्तथा तरणिजः सबला ग्रहाश्च ।
कुर्वन्ति जन्मसमये निजमेव रूपम् ॥२५॥

अर्थ– सूर्य र चन्द्र राजा हुन्, बुध-राजकुमार, मङ्गल सेनापति, गुरु र शुक्र मन्त्री शनि नोकर ग्रह हो। जन्म समयमा जुन ग्रह जस्तो रहन्छ जातकलाई त्यस्तै बनाउँछ ॥२५॥

सूतिका–बिचार

मीने मेषे च द्वे भार्ये चत्वार वृषकुम्भयोः ।
मकरे मिथुने पञ्च वाणश्च धनुकर्कयोः ॥
अन्ये लग्ने भवेत्तिस्रः प्रवदन्ति मनीषिणः ॥२६॥

अर्थ– बालकका जन्म कालमा मीन अथवा मेष लग्न भए प्रसूतिका भवनमा दुई स्त्री बताउनू, वृष कुम्भ लग्न त्यसबेला उपसूतिका स्त्री चार बताउनू, मकर मिथुन जन्म लग्न भए प्रसूतिका पास पाँच स्त्री उपसूतिका बताउनू, धन कर्कट लग्न भए पनि पाँचै स्त्री उपसूतिका हुनेछन् र सिंह कन्या तुला वृश्चिक लग्न भए तीन स्त्री उपसूतिका रहने छन् भनी मुनिहरूले बताएका छन् ॥२६॥

शब्दो मेषे वृषे सिंहे मिथुने वा तथा तुले ।
घटकन्ययोरर्द्धं शब्दः शेषाः शब्दविवर्जिताः ॥२७॥

अर्थ– मेष, वृष, सिंह, तुला, मिथुन लग्नमा जन्मेको बालक ठूलो शब्द गरी रुन्छ, कुंभ कन्यामा जन्म भए अली सानो शब्द गरी रुन्छ, कर्कट वृश्चिक, धन, मकर, मीनमा जन्मेको बालक धेरैबेर रुँदैन ॥४॥

यो यो भावः स्वामिदृष्टो युतो वा,
सौम्यैर्वास्यात्तस्य तस्यास्तिवृद्धिः ।